# अभिग्रहण 1

...त्यो सुन्दामा मैले असल महसूस गरेको छु, त्यो असल हो। यो सधै जसो, जस्तो मैले पहिले पनि भनेको थिए, "जब तिनीहरुले मलाई भने, 'परमप्रभुको भवनमा हामी जाऔं,' तब म आनन्दित भएँ।" मलाई लाग्छ कि दाऊदले एकपटक यो अभिवाक्ति दिएका थिए, "परमप्रभुको भवनमा हामी जाऔं।" परमप्रभुको भवन भन्दा बाहेको अर्को कुनै उत्तम ठाउ मलाई थाहा छैन, के तपाईलाई थाहा छ।

2 अब, आज राति, हाम्रो माझमा केहि मित्रहरु हुनुहुन्छ जो जोर्जियाबाट आउनु भएको छ। तिनीहरु सम्भावतः आजको दिउसोको खाजा पश्चात फर्कनुहुनेछ। र त्यसपछि हामी...तिनीहरु कतिजना त धेरै टाढा देखि हुनुहुन्छ, म आशा गर्छु कि तपाईहरु बस्नुहुनेछ। र जुनै पनि कोठा हामीसंग छ त्यो तपाईको लागि खुल्ला छ।

3 र त्यसपछि बुधबारको राति त्यो अध्ययनमा हामी त्यसलाई जारी राख्नेछौ, र त्यसपछि, प्रभुको इच्छा भए अर्को आईतबार पनि जारी राख्नेछौ।

4 र त्यसपछि सटोकुआ छैठौमा शुरू हुनेछ। र त्यसैले त्यो सबैले तपाईको छुट्टिको योजना हो, हामीले एउटा महान्, अद्भूत समय बिताउनेछौ सटोकुआमा। त्यो नै ठाउ हो जहाँ हाम्रो सबै अद्भूत समय भएको हुन्छ। अत्यन्त धेरै जमात पनि हुदैन कहिले काही...त्यो लगभग...म अनुमान गर्छु कि हामीले त्यसमा सजिलै दस हजार राख्न सक्थ्यौ। तर, सामान्यतः, गत वर्ष मलाई लाग्छ हाम्रो त्यहाँ सात हजार जति थियो, लगभग त्यस्तै थियो। त्यो पुरा भरिएको ठाउ थियो, तर त्यहाँ प्रशस्तै उभिने ठाउ चाहि थियो। र मेचहरु थियो जुन तिनीहरुले त्यहाँबाट लान मिल्थ्यो। र त्यसैले हामी त्यसको लागि तयार गर्दैछौ।

5 र यहाँ भित्र धेरै हाम्रा सेवक भाईहरुलाई देख्न पाउदा धेरै नै खुसी छु। मैले उहाको नाउ कहिल्यै सम्झिन सकिन, मिसनेरी भाई, भाई ह्युम्स र बहिनी ह्यम्स, के त्यो तपाई हुनुहुन्छ जो ठिक यहाँ बस्नुभएको छ, र साना नानिहरु, तपाईहरूलाई यहाँ पाउदा हामी खुसी छौ, एउटा मिसनेरी हुनुहुन्छ। अरु भाईहरु, भाई प्याट, भाई डल्टन, र ओ, धेरै जना

हुनुहुन्छ, भाई बिलर। र भाई कोलिन्सलाई पनि केहि समय अगाडि देखेको थिए। र, ओ, तिनीहरु सबैको नाउ बोलाउन एकप्रकारको कठिन कान हुन्छ। तर हामी यस राति तपाईहरु सबैलाई प्रभुको घरमा पाउदा धेरै खुसी छौ। यो अमूल्य भाई नेभिल जो मेरो पछाडि पट्टि मसंग वचनको शिक्षाको लागि प्रार्थना गर्न बसीरहनुभएको छ। चार्ली, र बहिनी नेल्ली, र साना नानिहरु, तपाईलाई देख्दा धेरै खुसी छु। यो...र बाईबलको शिक्षा सामान्यतः एउटा...हो, भाई वेल्क, मैले भर्खरै...मैले भर्खरै तपाईलाई खोज्दै थिए, तपाई त्यहाँ पछाडि बसिरहनुभएको मैले अहिले देखे।

6 बाईबल शिक्षा सामान्यतः एउटा सानो अस्थिर हुन्छ, एउटा सानो, तपाईलाई थाह छ, एक प्रकारको पातलो बरफबाट हिडेको जस्तो हुन्छ, हामीले त्यसो भन्छौ। तर हामीलाई कहिले यो महसूस हुनसक्छ, कि यस बिन्दुमा र यस समयमा, यो असल हुन्छ कि मण्डलीलाई पूर्ण समझमा ल्याउन सके त, उपयुक्त स्थानमा जुन हामी ख्रीष्टमा छौ। र कुनै बेला म सोच्छु कि प्रचार गर्ने काम एउटा अद्भूत कुरा हो, तर म कुनैबेला विश्वास गर्छु कि, भाई बिलर, कि शिक्षा दिने काम त्यो भन्दा पर जान्छ, यसले एक प्रकारले...विशेष गरी मण्डलीलाई।

अब, प्रचारले सामान्य रूपमा पापीहरुलाई पक्रन्छ, उसलाई वचनद्वारा दोषीको मुनी ल्याउछ। तर शिक्षाले मानिसलाई ऊ के हो त्यसमा सहि उपयुक्त स्थानमा ल्याउछ। र हामीमा ठिक तरिकाले कहिल्यै पनि विश्वास हुदैन जबसम्म पदिय हिसाबमा हामी के हौ भनि जान्दैनौ।

7 अब, यदि यो संयुक्त राजा, यो असल भूमीमा, मलाई राजदूतको रूपमा रूसमा, तब यदि तिनीहरुले मलाई आधिकारिक रूपमा रूसमा पठायो भने, संयुक्त राज्यसंग भएको सबै शक्ति मेरो पछाडि हुन्छ। मेरो शब्दहरु उत्तिकै मान्य हुन्छ जति संयुक्त राज्य हो, यदि म एउटा राजदूतको रूपमा चिनिए भने।

8 र यदि परमेश्वरले हामीलाई उहाको राजदुतहरु हुनको निम्ति पठाऊनुभएको छ भने, सबै शक्ति जुन स्वर्गमा छ, ती सबै जो परमेश्वर हुनुहुन्छ, उहाको सबै स्वर्गदुतहरु र उहाको सबै शक्तिहरु हाम्रो शब्दहरु पछाडि खडा हुन्छ यदि हामी साँचो रूपमा नियुक्त भएर मानिसको विचमा संदेशवाहकहरुको रूपमा पठाईएका छौ भने। परमेश्वरले वचनको आदर गर्नुपर्दछ, किनकि उहाले यो दृढतापूर्वक लेख्नुभएको थियो, "जे केहि पनि

तिमीले पृथ्वीमा बान्नेछौ त्यो म स्वर्गमा बाँध्नेछु, जे कुरा तिमीले पृथ्वीमा फुकाउनेछौ त्यो म स्वर्गमा फुकाउनेछु। र म तिमीहरुलाई स्वर्गका साँचाहरु दिनेछु।" ओ, यति महान् प्रतिज्ञाहरु उहाले मण्डलीलाई दिनुभयो!

9 र म ती केहि दिन पछि...तपाईहरु धेरै जना, मलाई लाग्छ, यस बिहानीमा सुन्नको लागि हुनुहुन्थ्यो जब मैले नम्रता, सरल तरिकामा मैले देखेको स्वर्गको दर्शन व्याख्या गर्न मैले खोज्दै थिए।

10 कसैले मलाई त्यो कुरा परमेश्वरले तिनीहरुलाई भनेको हो भनि मलाई भन्दा म कुनै पनि तरिकामा कुनै पनि कुरा सन्देह गर्न खोज्दिन। यदि मैले त्यो धर्मशास्त्रमा नदेखेको भएता पनि म त्यो विश्वास गर्छु, म अझै पनि त्यो भाईको शब्दहरु विश्वास गर्न चाहन्छु। म—म ठिक बाईबल बसेको भएता पनि, म त्यो भाईलाई विश्वास गर्नेछु हुनसक्छ त्यो भाई कुनै तरिकाले गलत बुझाईमा हुनसक्छ, हुनसक्छ कि ऊ कुनै कुरामा थोरै अन्योलमा परेको हुनसक्छ। र म अझै पनि ऊ मेरो भाई हो भनि म विश्वास गर्दछु।

11 यदि त्यहाँ कुनै कुरा छ जुन मेरो हृदयमा जलन हुन्छ, म आशा गर्छु कि यसले आउने दिनहरुमा पनि मलाई छोड्ने छैन, कि म कहिल्यै विर्सने छैन कि गत हप्ताको आईतबारको विहान के घटना भएको थियो भनि। त्यसले मलाई केहि गरेको छ जसले मेरो जीवनमा क्रान्ति ल्याएको छ। म—म डराउदिन। म—म मा मृत्यु प्रति एउटा पनि डर छैन। मृत्युको डर नै छैन। र त्यो डर तपाईमा पनि हुनेछैन यदि तपाईले बुझ्नुभयो भने। अब हुनसक्छ यदि...त्यो जान्नको लागि तपाईमा अनुभव हुनुपर्छ, किनभने त्यहाँ कुनै तरिका छैन त्यसलाई व्याख्या गर्न। तपाईले शब्द नै भेट्नुहुन्न, किनभने त्यो अंग्रेजी शब्दकोषमा नै छैन, वा कुनै अरु शब्दकोषमा नै छैन, किनभने त्यो अनन्तकालमा हो; कुनै हिजो होइन, कुनै भोलि होइन, त्यो सबै वर्तमानकाल हो। र यो कुनै अहिलेको केहि घण्टाबाट, "मलाई राम्रो महसूस भएको छ" त्यसको घण्टा पश्चात "म त्यति राम्रो महसूस गरेको छुइन" र फेरी केहि घण्टा पश्चात, "म फेरी राम्रो महसूस गर्दै छु" खालको होइन, त्यो हरेक समय वर्तमान काल हुनेछ। बुझ्नुभयो? कहिल्यै रोकावट हुनेछैन, केवल मात्र त्यो महिमामय शान्ति हुनेछ।

12 र त्यहाँ कुनै पाप हुनसक्ने छैन, त्यहाँ कुनै डाह हुनेछैन, त्यहाँ कुनै विमार हुनेछैन, त्यहाँ कुनै त्यस्तो पापमय कुरा हुनेछैन जुन त्यो स्वर्गीय किनारमा पुग्न सकोस्। र यदि म मा यो भन्ने सौभाग्य भएको भए, जुन मलाई

लाग्छ ममा त्यो सौभाग्य प्रदान गरिएको छैन। यदि ममा त्यो छैन भने म प्रार्थना गर्छु कि परमेश्वरले मलाई क्षमा दिनुभएको होस्। तर यदि मसंग त्यो सौभाग्य छ भने, र त्यो परमेश्वर हुनुहुन्छ जसले मलाई केहि देखाऊन त्यहाँ लानुभयो, म त्यो प्रथम स्वर्गहरु भन्न रूचाउछु। र म विश्वास गर्छु, बाईबलमा एकजना, म विश्वास गर्छु पावल नाउ भएको व्यक्ति, उनी तेस्रो स्वर्गहरुमा उठाई लगीएका थिए। र यदि यो प्रथम स्वर्गमा यति धेरै महिमामय छ भने, त्यो तेस्रो स्वर्गहरू त झन् कति महान् होला? उनले यसको बारेमा चौध वर्ष सम्म बोल्न सकेका थिएनन्! उनले भनेका थिए कि उनलाई चेतनासम्म भएन कि ऊ शरीरमा थियो या शरीर भन्दा बाहिर थियो। त्यो महान् प्रेरित संगै, उहाको कार्यभारको कुरा गर्नेछैनौ, वा हामीले आफैलाई उहा जस्तै बनाउन खोजेका होइनौ, तर म उहासंगै भन्न सक्छु कि, मलाई थाहा छैन त्यसबेला म यो शरीरमा थिए या शरीरभन्दा बाहिर थिए। मात्र कुरा यो हो, कि यो उत्तिकै वास्तविक थियो जति मैले तपाईलाई अहिले हेरेको वास्तविक छ।

13 र म सधै यो सोचीरहन्छु कि यदि म कहिल्यै त्यसबाट भएर गए भने र म आत्मामा त्यो सानो बादल तैरिरहेको देख्नेछु, र भन्नेछु, "त्यहाँ हेर्नुहोस् भाई बहिनीहरु त्यो चार्ली र नेल्ली हुनुहुन्छ। त्यहाँ भाई र बहिनी स्पेंसर जादै हुनुहुन्छ।" त्यो कुराले सधै मलाई झुक्काएको छ। यदि मेरा आँखाहरु चिहानमा धूलो हुदै कुहिएको अवस्थामा पुग्यो, यदि मेरा कानहरु सुन्नको लागि यहाँ रहेन भने, र यदि मेरा रगतहरु सबै सकेर गए र तिनीहरुले मेरो शवलाई लेप लगाए पश्चात, र त्यो पानीमा वा जमिनमा हराएपछि, र मेरा मानसिक संकाय, मेरा दिमागका कोसीकाहरु सबै गए, कसरी म एउटा तैरिने आत्मा चारैतिर घुमिरहेको बाहेक अरु के हुँसक्छु र? र त्यो मलाई लगाईयो। म यो भन्न कति चाहन्छु, "हेल्लो, भाई प्याट, ओ, तपाईलाई देखेर धेरै खुसी लाग्यो! हेल्लो, भाई नेभिल, तपाईलाइ म त्यहाँ देख्न कति धेरै चाहन्छु!" तर मैले सोचे, "अँ, यदि मैले देख्नको लागि केहि पनि छैन भने, बोल्नको लागि कुनै मुखनै छैन, त्यो सबै त कुहिएर गैसक्यो, त्यो धूलो भैसक्यो, म कसरी यो भन्नसक्छु, 'हेल्लो भाई प्याट,' 'हेल्लो, भाई नेभिल,' वा आदि इत्यादि, 'हाई, चार्ली'?"

14 तर अब म जान्दछु कि त्यो गलत हो। किनकि धर्मशास्त्रमा यो लेखिएको छ, जुन म तपाईलाई भन्दछु कि त्यो विपरित छैन, "किनभने हामी

जान्दछौ, कि हामीले वास गरेको यो पार्थिव शरीर ढली गए तापनि!" यो संग एउटा शरीर जुनबाट मैले महसूस गर्नसक्छु, र बोल्न सक्छु।

15 र अब यो म कहा आउछ, ठिक अहिले, कि मोसा मरेको धेरै भैसक्यो, र अज्ञात चिहानमा आठसय वर्ष देखि छन्, र एलिशा वा एलिया स्वर्ग गएका पाँच सय वर्ष अगाडि गईसकेका थिए, तर परिवर्तनको डाँडामा तिनीहरु येशूसंग कुरा गरिरहेका भेटिए।

16 शामुएल मरेका लगभग तिन देखि पाँच वर्ष भईसके पछि, र इन्डोरको तन्त्रमन्त्र गर्ने स्त्रीले बोलाईसकेपछि, र उनी आफु झुके र उनले भनिन्, "तपाईले मलाई धोका दिनुभयो, किनभने तपाई आफै नै साऊल हुनुहुन्छ।" उनले भानिन्, "किनभने मैले देवताहरु देखे!" उनी एउटा अविश्वासी थिए, तपाईले बुझ्नुभयो, "मैले देवहरु उठिरहेको देखे।"

17 र साऊलले अझै पनि उनलाई देख्न सकेका थिएनन्, र उसले भन्यो, "ऊ हेर्नमा कस्तो देखिन्छ? उसको हलियाको बारेमा मलाई बयान गर।"

उसले भन्यो, "उनी एउटा पातलो, खास्टो ओढेको एउटा वृद्धा मानिस माथि निस्कदैछ।"

18 भन्यो, "त्यो शामूएल नै हो, अगमवक्ता नै हो, उहालाई मेरो अगाडि ल्याऊ।" र म तपाईले यो ध्यान दिएको चाहन्छु कि शामूएलले आफ्नो कुनै पनि व्यक्तित्व त्यहाँ गुमाएका छैनन्। उनी अझै पनि एउटा अगमवक्ता नै थिए, उनले साऊललाई ठिक भोलि के हुनेछ त्यो कुरा भनिदिए।

19 त्यसैले, तपाईले देख्नुहुन्छ, हामी जुन तरिकामा रुन्छौ र विलाप गर्छौं र चिहानमा विलौना गर्छौं त्यो तरिकामा मृत्युले हामीलाई पूर्ण रूपले मेटाउन सक्दैन। मृत्युले केवल हाम्रो वास स्थान परिवर्तन गर्छ। यसले हामीलाई एउटा ठाउबाट लिएर...कुन उमेरमा? यदि म अझै एक घण्टा जिउछु भने, म कयौ सोह्र वर्षको उमेरको व्यक्तिको रुपरेखा तयार गर्छु, म एउटा धेरै पाँच वर्षको उमेरको व्यक्तिको रूपमा धेरै जिउनेछु। उमेर केहि पनि होइन। हामी केवल यहाँ एउटा उदेश्यको पूरा गर्नको लागि छौ, केहि कार्य पूरा गर्नको लागि।

20 ठिक छ, अब, अधिकांश यी साना सुन्दर मुहार भएका आमाहरु जो यहाँ बसिरहनुभएको छ, ती मध्ये कोहि साठ्ठी या सत्तरी वर्षको हुनुहुन्छ, जसले भन्नुहुन्छ, "अँ, मैले के गरेको छु र भाई ब्रन्हाम?" तपाईले तपाईको

छोराछोरीलाई हुर्काउनुभएको छ। तपाईहरुले ती कार्य गर्नुभएको छ जुन तपाईले गर्नु पर्थ्यो।

21 हुनसक्छ कोहि वृद्धा पिता यहाँ बसिरहनुभएको छ होला, भन्नुहोला, "ठिक छ, मैले खेतहरुलाई नोक्सान पुर्याएको छु, मैले *यसो* गरेको छु। मैले कहिल्यै प्रचार गरिन।" तर तपाईले त्यो गर्नुभयो जे गर्नको लागि परमेश्वरले तपाईलाई पठाउनुभएको थियो। त्यहाँ तपाईको लागि एउटा ठाउ छ।

22 बुढा डाक्टरहरुसंग बोल्दै गर्दा, हिजो, मेरा साथीहरु मध्येको एउटा डाक्टर मित्र, मेरो साथी, जो अस्सी त्यस्तै वर्षको हुनुहुन्छ। र उहाको भाउजु आज राति यहाँ मण्डलीमा उपस्थित हुनुहुन्छ, र भाउजु मात्रै थोरै, थोरै उहाको विषयमा चिन्तित हुनुहुन्छ। र म उहालाई भेट्नलाई गएको थिए। र जसै म उँहासंग कुरा गर्न थाले, उहा उज्यालो भएर आउनुभयो, माथि कोलोराडोमा धेरै वर्ष अगाडि उहाले गर्नुभएको एउटा सिकार खेल्न जाँदाको कुरा मसंग गर्नुभयो, ठिक त्यहि ठाउ जहाँ म पनि सिकार गर्ने गर्छु। उहा एकदम उत्कृष्ट र उज्यालो हुनुभयो! र मैले भने, "डाक्टर, कति समय भयो तपाईले अभ्यास गरिरहनुभएको?"

23 उहाले भन्नुभयो, "जब तिमी शिशु थियौ।" र धेरै पहिले देखि रैछ मैले भने..."र धेरै पटक," उँहाले भन्नुभयो, "मैले मेरो बग्गी लिएर अभ्यास गरेको थियो, मेरो घोडामा काठी झोला राख्थे। मैले सानो थैलो लिए अनि हिडे।"

24 र मैले भने, "हो, त्यहाँ तल सानो नदिको किनारमा, बिहानको दुई बजे तिर, त्यो फ्ल्यास लाईट अर्थात् बत्ति सहित, त्यो एउटा घर खोज्ने प्रयास गर्दै जहाँ एउटा सानो बच्चाको पेट दुखाई या एउटा आमा प्रसव वेदनामा थियो।"

"त्यो सहि हो।"

25 र मैले भने, "तपाईलाई थाहा छ, डाक्टर, म विश्वास गर्छु कि, यहाँको विभाजन गर्ने रेखा निर, यो मरणशील र अमरणशिलको बिचमा, परमेश्वरको एउटा ठाउ छ जहाँ असल पुरानो डाक्टरहरुले त्यसरी सेवा गर्छन्।"

26 ठूलो आँशु उहाको आँखाबाट आयो र उहा रुन थाल्नुभयो, उहाको दुर्बल हात उहाले उठाएर ल्याउदै भन्नुभयो, "भाई, म आशा गर्छु त्यहि हो।" त्यो भूमीको पारी, परमेश्वरले जो त्यो मानिस छ, मानिसको प्राणलाई न्याय गर्नुहुन्छ।

27 त्यसपछि मैले उहालाई यो तृप्त पार्ने धर्मशास्त्रको पद दिए, कयौ पटक त्यो रातमा अन्धकारको माटोको खेतबाट भएर जाँदा, कसैलाई मद्धत गर्ने प्रयासमा, हुनसक्छ त्यसको लागि कहिल्यै एक पैसा पनि पाउनुभएन होला, तर त्यो सबै ठिकै थियो। मैले भने, "येशूले धर्मशास्त्रमा भन्नुभएको छ, 'धन्य दयावान्तहरु, किनभने तिनीहरुले दया पाउनेछन्।" र त्यो सत्य हो।

28 र आज राति हामी मण्डलीलाई, यी तिन ओटा पाठहरुमा राख्न चाहन्छौ, यदि परमेश्वरले अनुमति दिनुभयो भने, कसरी र के हेर्ने, हामी के हौ त्यो हेर्नेछौ। हामी एफिसीलाई पावलको पत्रको १ अध्यायको पुस्तक बाट शूरू गर्नेछौ। र हामीले पहिलो तिनओटा अध्यायहरु हाम्रो अर्को तिनओटा अध्ययनमा लिनेछु, एउटा अध्यायलाई साँझमा लिने कोशिष गर्नेछौ, यदि हामी सक्षम रह्यौ भने। आजराति बुधबार, र अर्को अईतबार बिहान। एफिसीको १ अध्याय हेर्नेछौ। अब जसै हामी संगै अध्ययन गर्छौ, म यो भन्न चाहन्छु, एफिसीको पुस्तकले पूर्ण रूपमा पुरानो करारको यहोशूको पुस्तकसंग समान्तर छ। एफिसी, एफिसीहरुको पुस्तक।

29 अब, याद गर्नुहोस्, यदि हामी तपाईको शिक्षाभन्दा थोरै केहि बाहिर गयौ भने, हामीलाई केवल क्षमा दिनुहोस् र हामीसंग केहिबेर धैर्यताका साथ रहनुहोस्। हामीले यो खोल्नुभन्दा अगाडि, आउनुहोस् हामी उहालाई मद्दतको लागि माग्नेछौ, हाम्रा शिरहरु झुकाएर।

30 प्रभु, हामी तपाईको पवित्र र चोखो लेख तर्फ जाँदैछौ, जुन यो सबै स्वर्गहरु र पृथ्वीभन्दा पनि सुरक्षित छ। किनकि हामी यो वचनमा पढ्छौ जसलाई बाईबल भनिन्छ, कि, "दुवै स्वर्ग र पृथ्वी टलेर जानेछ, तर मेरो वचन कहिल्यै टल्नेछैन।" त्यसैले, यो संकारपूर्ण घडिमा म यस राति यस पुल्पिटमा आउदछु, तपाईको रगतद्वारा किनेको ठाउमा आउदछु, यी अमूल्य प्रिय मरणाधिन मानिसहरु जो यहाँ यस राति बसिरहनुभएको छ, तिनीहरुले समात्न सक्ने सम्म सबै आशा समातेर बसिरहेका छन्, त्यो ज्योतिमा अडिनको लागि जुन आउनेवाला छ। त्यो आज राति प्रशस्त हुनसकेको होस्, ताकि यहाँ रहेका हरेक विश्वासीले आफ्नो सहि स्थान देख्न सकेको होस्, र प्रत्येक तिनीहरु जो यस महान् संगतिमा अझै पनि आईसकेका छैनन्, तिनीहरु यस राज्यमा अगी बढ्न सकेको होस्, प्रभु, र ढोकालाई तबसम्म ढकढक्याएको होस् जब सम्म ढोकावालाले ढोका खोल्दैन। प्रदान गर्नुहोस्, प्रभु।

31 हामी यहाँ पढिरहेका छौ जहाँ यो बाईबल कसैको निजी व्याख्या होइन। परमेश्वर, रोक्नुहोस् म तपाईको दास वा अरु कुनै दासले वचनमा आफ्नो निजी व्याख्या राख्न कोशिष गर्यौ भने। यो जस्तो लेखिएको छ हामीलाई केवल त्यस्तै नै पढेर विश्वास गर्न दिनुहोस्। र विशेष गरी हामी झुण्डको गोठालोहरु, हामी पाष्टरहरु जो कुनै दिन त्यस महिमाको देशमा यी साना झुण्डसंग भेला हुनेछौ, र प्रभु येशूको उपस्थितिमा खडा हुनेछौ र ती पावलको, र पत्रुसको, र लूका, र मर्कूस, र मत्ती, र ती सबैका पुस्ताहरु आईरहेका हेर्नेछौ, र तिनीहरुका समूहसंगै तिनीहरुले न्याय गरिरहेका देख्नेछौ। परमेश्वर हामीलाई यो प्रदान गर्नुहोस् जसको लागि म दस लाख ट्राफिहरु तपाईको चरणमा राख्न सक्दछु जबकि म विनम्रता पूर्वक आउदछु र मेरो हातहरु तपाईको अमूल्य पाउमा राख्दछु, र भन्दछु, "प्रभु तिनीहरु तपाईका हुन्।"

32 ओ परमेश्वर, हामीलाई ताजा रुपले तपाईको आत्माले प्रेम र तपाईको भलाईसहित भरिपूर्ण पार्नुहोस्। र जसरीले कविले धेरै वर्ष अगाडि गीतद्वारा व्यक्त गर्नुभएको थियो, "प्रिय मर्दै गरेको थूमा, तपाईको अमूल्य रगतले कहिल्यै पनि आफ्नो शक्ति तबसम्म गुमाउने छैन, जबसम्म परमेश्वरको मण्डलीलाई रिहाईको मूल्य चुकाएर पापबाट बचाईदैन। र त्यसबेला देखिनै, विश्वास द्वारा, मैले त्यस धारालाई देखे जुनले बग्नेवाला घाउ भरियो; उद्धारको प्रेमनै मेरो मूल विषय भएको छ, र म मरुन्जेल हुनेछ। तब एउटा सर्वश्रेष्ट र मिठो गीतमा गाउनेछु।" उँहाले यसलाई अझै भन्दै जानुहुन्छ, "म तपाईको उद्धार गर्ने शक्तिको गीत गाउनेछु; जब यो निर्बल र हकलाउने जिब्रो चिहानको शान्तिमा बस्ने छ।" तब, चिहानले तपाईको छोराछोरीको निम्ति कुनै मृत्युले ल्याउने छैन। त्यो केवल एउटा विश्राम गर्ने ठाउ हुनेछ, या एउटा लुक्ने ठाउ, जहाँ यो विनाशीले अविनाशीलाई धारण गर्नेछ।

33 हामीले यो कुरा आज राति स्पष्ट देख्न सकेका हौ, प्रभु, जस्तो हामीलाई परमेश्वरको वचनमा दिईएको छ। हामीलाई समझ दिनुहोस्। र हामीलाई स्थापित गर्नुहोस्, प्रभु, हाम्रो कर्तव्यमा, ताकि तपाई आउन्जेलसम्म हामी तपाईलाई विश्वासयोग्य भई सेवा गर्न सकौ। हामी यी कुरा येशूको नाउमा माग्छौ, र उहाको खातिर माग्छौ। आमेन।

34 अब, एफिसीको पुस्तक, जस्तो मैले भर्खर भनिरहेको थिए, म...मेरो विचारमा, यो नया करारका पुस्तकहरु मध्येको एउटा महान् पुस्तक हो।

यसले हामीलाई त्यहाँ निर छोड्छ, जहाँ क्यल्भिनवादी एउटा किनारमा हिड्छ, र अर्मिनियनवादि अर्को किनार पट्टि दौडन्छ, तर एफिसीको पुस्तकले दुइटैलाई संगै लिएर ठिक ठाउँमा मण्डलीलाई स्थापित गर्छ।

35 अब, मैले यसलाई यहोशूसंग चित्रण गरेको छु। यदि तपाईले ध्यान दिनुभएको छ भने इस्रायल मिश्रबाट निकालेर ल्याईएको थियो, र त्यो यात्राको तिनवटा चरणहरु थियो। एउटा चरण, मिश्रलाई छोड्नु थियो, अर्को चरण, उजाडस्थान थियो, र अर्को चरण कनान थियो

36 अब, कनानले हजार वर्षको रायको प्रतिनिधित्व गर्दैन। त्यसले केवल विजयीहरुको युगको प्रतिनिधित्व गर्छ, वियजको व्यवस्था, किनभने तिनीहरुले कनानमा तिनीहरुले हत्या गरे र जलाएर शहरहरु कब्जा गरे। र हजार वर्षको राज्यमा त्यहाँ मृत्यु हुनेछैन।

37 तर अर्को कुरा जुन त्यसले गर्छ, यसले तिनीहरुले मोसामा विश्वास गरि मिश्र छोड्दा विश्वासद्वारा न्यायकरण ल्याउदछ। पवित्रीकरण, आगोको खामोलाई पछ्याउदा र उजाडस्थानमा बलि भएको थूमाको पश्चाताप बाट पवित्रीकरण भएको थियो। र त्यसपछि प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्नु थियो।

38 अब, नया करारका विश्वासीको लागि प्रतिज्ञाको देश कुन हो? त्यो प्रतिज्ञा पवित्र आत्मा हो। "किनकि अन्तिम दिनहरुमा यो हुन आउनेछ," योएल २:२८, "कि म सबै जातिहरुमा मेरो आत्मा खन्याउनेछु। तिमीहरुका छोराहरु र तिमीहरुका छोरीहरुले अगमवाणी बोल्नेछन्। तिमीहरुका बुढा मान्छेहरु स्वप्नदर्शी हुनेछन्, र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन्। ती दिनहरुमा मेरा सेवकहरु पुरुष र स्त्रीहरु दुवैमाथि म आफ्ना आत्मा खन्याउनेछु। आकाश र पृथ्वीमा म अचम्मका कामहरु देखाउनेछु, अर्थात रगत, आगो र धुँवाका मुस्लाहरु।" र पेन्टिकोष्टको दिनमा पत्रुसले आफ्नो पाठ लिएर प्रचार गरेपछि भने, "पश्चाताप गर, र तिमीहरु प्रत्येकले पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाउमा बप्तिस्मा लेओ।" क्षमादान को निम्ति, पापबाट क्षमाको निम्ति, ती सबै पापहरु मेटाउनको निम्ति।

39 के तपाईले ध्यान दिनुभयो, यहोशूले, तिनीहरुले यर्दनलाई पार गर्न अगाडि, यहोशूले भनेका थिए, "शिविरको विचबाट भएर जाओ र आफ्ना कपडाहरु साफ गर र तिमीहरु प्रत्येकले आफुलाई शुद्ध बनाओ, र कुनै पनि पुरुषलाई आफ्नो श्रीमतीकहाँ आउन नदेओ, किनकि तिन दिन भित्र

तिमीहरुले परमेश्वरको महिमा देख्ने छौ।" बुझ्नुभयो? यो एउटा—यो प्रतिज्ञामा रहने एउटा प्रक्रिया थियो। अब, इस्राएलको निम्ति प्रतिज्ञा यो थियो, परमेश्वरले अब्राहामलाई फलिस्तीको एउटा देशको प्रतिज्ञा दिनुभयो, र त्यो नै सदाको निम्ति तिनीहरुले अधिकारमा हुनेथियो। र तिनीहरु सधै त्यहि देशमा रहनु पर्ने थियो।

40 अब, यो प्रतिज्ञाको देशमा आउन तिनीहरु तिनओटा चरणहरु भएर आए। अब ध्यान दिनुहोस्, यो पूर्ण रूपमा नया करारमा चित्रण गरिएको छ।

41 अब यो, जस्तो मैले भनिसकेको छु, तपाईहरुको केहि विचारसंग असहमत हुन्छ, तपाईहरु मध्ये केहि अमूल्य नाजरिन मानिसहरु, चर्च अफ गड र अन्य त्यस्तै, त्यसले चित्त दुखाउन नदिनुहोस, तर केवल ध्यान दिएर सुन्नुहोस् र त्यसको नमूनाहरुलाई हेर्नुहोस्। ध्यान दिनुहोस् र हेर्नुहोस् यदि सबै ठाउले त्यसलाई पूर्ण रूपले नमूना गर्छ कि गर्दैन।

42 त्यहाँ यात्राको तिनओटा चरणहरु थिए, र त्यहाँ यो यात्राको तिन चरणहरु छन्। किनकि हामी विश्वासद्वारा धार्मिक तुल्याईयो, येशू ख्रीष्टमा विश्वास राखेर, मिश्रको देशलाई त्यागेर, त्यसबाट निस्कीआएर। र उहाको रगतको बलिदानबाट शुद्ध बनाईयौ, हाम्रा पापहरुबाट धोईयौ, र तिर्थयात्री र यात्रा गर्नेहरु भयौ, यो दाबी गर्दै कि हामीले एउटा देशको खोजी गर्दैछौ, त्यो शहर जुन आउदैछ, या एउटा प्रतिज्ञा जुन पुरा हुदैछ।

43 त्यसरीनै इस्राएलसंग उजाडस्थानमा भएको थियो, यात्रीहरु, विश्राम गर्ने कुनै ठाउ थिएन, रात पछि रात गर्दै यात्रा गर्थे, आगोको खामो पछ्याउदै, तर अन्तिममा प्रतिज्ञाको देशमा आएपुगे जहा तिनीहरु स्थापित भए।

44 त्यहि नै विश्वासी पनि आउदछ। ऊ पहिलो त्यो यो जान्न आईपुग्छ कि ऊ एउटा पापी हो, त्यसपछि ऊ पानीहरुद्वारा छुट्टाइन्छ, पानीद्वारा या रगतद्वारा धोइन्छ, र...वा पानीलाई वचनद्वारा पखालिन्छ, अर्थात येशू ख्रीष्टमा विश्वास गरेर यी सब हुन्छ। त्यसपछि, विश्वासद्वारा धार्मिक तुल्याइन्छ, ऊ त्यसको एउटा भागीदार बन्छ, परमेश्वरसंग शान्तिमा रहन्छ, ख्रीष्टद्वारा, येशू ख्रीष्टको नाउमा बप्तिष्मा दिएर, उसलाई यात्रामा छोडिदिन्छ। तपाईले बुझ्दै हुनुहुन्छ? यात्रामा छोडिन्छ! तब ऊ एउटा बटुवा र तिर्थयात्री बन्दछ। उनी आफ्नो के को यात्रामा छ? एउटा प्रतिज्ञामा जुन परमेश्वरले गर्नुभएको थियो।

45 इस्राएलले अझै पनि प्रतिज्ञा प्राप्त गरिसकेको थिएन, तर तिनीहरु आफ्नो यात्रामा थिए। र तिनीहरु नउठेर...कृपया बुझ्नुहोला। त्यहि तपाई नाजरिन र पिल्ग्रिम होलिनेस र अन्य चुक्नुभएको छ। किनभने, इस्राएल, जब तिनीहरु कादेश–बर्नियाको त्यस स्थान आए, जब जासूसहरु त्यहाँ पुगे र भने, "त्यो देश महान् छ।" तर ती मध्ये कतिपय फर्केर आए र भने, "हामीले त्यो कब्जा गर्न सक्दैनौ किनभने शहरहरु सबै पर्खालले घेरा लगाएका छन्, र त्यस्तै अन्य कुरा गरेका छन्।" तर यहोशू र कालेब खडा भए र भने, "हामी त्यो कब्जा गर्न सक्नेभन्दा बढि सक्षम छौ!" कारण तिनीहरुको पहिले नै हस्ताक्षर गरेको दस्तावेजको अभिव्यक्ति थियो, तिनीहरुले अनुग्रहको दुइटा कार्यलाई विश्वास गरेका थिए, न्यायकरण र पवित्रीकरण, र त्यो भन्दा बढि अगि बढ्न सकेका थिएनन्। र ध्यान दिनुहोस्, त्यो पुरै पुस्ता उजाडस्थानमा नाश भएर गए। र दुइजना जो त्यस प्रतिज्ञाको देशमा पुगे र त्यो एउटा असल देश हो भनि प्रमाण बोकेर ल्याए, "र हामी त्यसलाई कब्जा गर्न भन्दा बढि सक्षम छौ किनभने यो परमेश्वरको प्रतिज्ञा हो।" तब मानिसहरुले पवित्र आत्मा प्राप्त गर्ने, अन्या भाषाहरुमा बोल्ने, परमेश्वरको शक्ति प्राप्त गर्ने, पवित्र आत्माको बप्तिष्मा प्राप्त गर्ने, चिन्हहरु, अचम्मका कार्यहरु, चमत्कार प्राप्त गर्नको सट्टामा तिनीहरुलाई यो महसूस भयो कि यसले तिनीहरुको सिद्धान्तको परम्परालाइ टुक्राउछ भनि ठाने। र त्यसलाई के भयो? तिनीहरु त्यहि भूमीमा नाश भए! त्यो सहि हो।

46 तर विश्वासीहरु, कालेब र यहोशू यात्राको लागि तयार रहे, जो प्रतिज्ञाको देशमा जादै थिए, तिनीहरु त्यहाँ पारी त्यस देशमा गए, र देश कब्जा गरे र त्यस भूमीमा आफ्नो अधिकारको सहित स्थापित भए। र हामी कहिल्यै पनि न्यायकरण, पवित्रीकरणमा मात्रै रोदैनौ। आउनुहोस् पवित्र आत्माको बप्तिष्मामा जाऔ। हामी केवल प्रभु येशूमा विश्वास र बप्तिष्मामा मात्रै नअड्किऔ। उहाले हामीलाई पापको जीवनबाट शुद्ध गराएकै कारणले केवल त्यसमा सिमित नहऔ। तर अब हामी एउटा पदमा जाँदछौ, त्यो पवित्र आत्माको बप्तिष्माको प्रतिज्ञामा जानेछौ। किनकि पत्रुसले पेन्टिकोष्टको दिनमा भनेका थिए, "किनकि प्रतिज्ञा तिमीहरुको लागि, तिमीहरुका छोराछोरीका लागि, र टाढा टाढामा रहेकाहरुका लागि हो, ती सबै जातिलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।"

47 त्यसैले, एफिसी यहाँ पदिय ढंगमा यहोशूको रूपमा बस्दछ। तपाईले

ध्यान दिनुहोस्, यहोशू, त्यस भूमीमा गईसकेपछि, र जमिन कब्जा गरेपछि, त्यपछि उनले जमिन भाग लगाए। "इफ्राईम *यहाँ*, मनस्से *यहाँ*, र यो *यहाँनिर*, गाद *यहाँ*, बेन्जामिन *यहा*" उनले जमिन बिभाजन गरिदिए।

48 र ध्यान दिनुहोस्! ओ, यसले केवल हाम्रो हृदयहरुलाई जलाउछ! हरेक ती हिब्रू आमाहरु, ती बच्चाहरुलाई जन्म दिईरहेको, उनको प्रसव वेदनामा, उनीहरुले ठिक त्यस स्थानमा बोले, जहाँ तिनीहरु त्यस प्रतिज्ञाको देशमा स्थापित हुदैथिए। ओ, यो एउटा महान् अध्ययन हो! यदि हामी केवल विस्तृतमा जान सके, जुन हामीले घण्टा माथि घण्टा लगाउछौ। कुनै दिन जब हाम्रो मण्डली थिर हुन्छ, मलाई केवल यहाँ आएर एउटा पुरै महिना या दुइ महिना, ठिक यहि विषयमा प्रचार गर्न चाहन्छु। हेर्नुहोस् जब तिनीहरु, ती हरेक आमाहरु, जब उनले "इफ्राईम," भनेर बोलाए, जब उनी प्रसव वेदनामा थिए, इफ्राईमलाई पदिय रूपमा राखे जहाँ उनको पाउमा तेल लगाईएको थियो। ठिक त्यसरीनै तिनीहरु जहाँको थिए त्यसैमा स्थापित गराईए।

49 र यहोशू, यसबाट अज्ञात भई, तर प्रेरणाद्वारा, पवित्र आत्माद्वारा अगुवाई भई, प्रतिज्ञाको देशमा पुगीसकेपछि, हरेक मानिसलाई तिनीहरुको प्रतिज्ञा दिए, ठिक त्यहि तरिकामा जसरी पवित्र आत्माले विगतमा जन्मद्वारा प्रतिज्ञा गरेको थियो।

50 कसरी परमेश्वरले मण्डलीमा प्रसव वेदनाद्वारा कसैलाई स्थापित गर्नुभएको छ। ओ, तिनीहरु केहि समयको लागि अद्भूत हुन्थे। जब मण्डली बाहिरी संसारको सतावटबाट तड्पिरहेको थियो, प्रभु येशूमा विश्वास गर्दै, कि पवित्र आत्माको प्रतिज्ञा हाम्रो लागि उत्तिकै वास्तविक छ जत्ति त्यो पेन्टिकोष्टको दिनमा थियो, कसरी तिनीहरु प्रसव वेदनामा कराउदै र चिच्याउदै थिए! तर जब तिनीहरु जन्मे, परमेश्वरको राज्यमा उपयुक्त पदमा भई जन्मे, तब पवित्र आत्माले मण्डलीमा कोहि प्रेरितहरु, कोहि शिक्षकहरु, कोहि पाष्टरहरु, कोहि प्रचारकहरुलाई राख्नुभयो। त्यसपछि उहाले त्यहाँ अन्य भाषामा बोल्नेहरु, अन्यभाषाका उल्थाहरु, ज्ञान, विवेक, चंगाईका वरदानहरु, हरप्रकारका आश्चर्यकर्महरु दिनुभयो।

51 जहाँ मण्डली छ...अब यो गर्ने मेरो उदेश्य नै हो। मण्डलीले जहिल्यै पनि कसैको कुना वा ठाउ लिन कोशिष गरिरहेको हुन्छ। तर त्यसो नगर्नुहोस्। तपाईले कहिल्यै पनि इफ्राईमको कुनामा मकै उब्जाउन

सक्नुहुन्न, यदि तपाई मनस्से हुनुहुन्छ भने तपाईले पदिय रूपमा ख्रीष्टमा आफ्नो स्थान लिनुपर्छ। ओ, यो तब अझै गहिरो र समृद्ध हुदै जान्छ जब हामी यहानिर आउछौ, कसरी परमेश्वरले एउटालाई मण्डलीमा अन्यभाषाहरुमा बोल्नलाई राख्नुहुन्छ, अर्को...अब, हामीलाई धेरै पटक सिकाईएको छ, "हामीहरु सबै अन्यभाषामा बोल्नुपर्छ।" त्यो गलत हो। "हामीहरु सबैले त्यसो गर्नु पर्छ।" त्यस्तो होइन, हामीले गर्न पर्दैन। तिनीहरु सबैले एउटै कुरा गरेनन्। हरेक...

52 हरेक, त्यो भूमी हरेकलाई प्रेरणाद्वारा उपलब्ध र विभाजन गराईयो। र, हरेक, मैले धर्मशास्त्र लिएर तपाईलाई ठिक यो देखाउन सक्छु, कि उहाले तिनीहरुलाई ठिक त्यहि ठाउमा पदिय ढंगले राख्नुभयो जहाँ तिनीहरु हुन पर्ने थियो। कसरी त्यो दुइ आधा कूलहरु त्यो नदिको पारी रहन पर्ने थियो, कसरी तिनीहरुका आमाहरु तिनीहरुको जन्ममा कराएका थिए, र कसरी हरेक लाई ठिक ठाउमा राखियो जहाँ तिनीहरु रहन पर्नेथियो।

53 र अब तपाई त्यहाँ भित्र भएपछि, त्यसको अर्थ यो होइन कि तपाई बाहिर युद्धबाट स्वतन्त्र हुनुहुन्छ। तपाईले अझै पनि तपाई उभिएको मैदानको हरेक इन्चको लागि लड्नु पर्दछ। त्यसैले हेर्नुहोस्, कनानले महान् स्वर्गलाई प्रतिनिधित्व गरें, किनभने त्यो युद्ध र समस्याहरु र रक्तपात र लडाईहरु र त्यस्तै अन्य कुराहरू थियो। तर त्यसले यो भने प्रतिनिधित्व गरेको थियो, कि यो एउटा सिद्ध हिडाई हुनुपर्थ्यो।

54 ठिक त्यहिनिर आज मण्डली असफल भईरहेको छ, त्यो हिडाईमा। तपाईलाई थाहा छ कि तपाईकै आफ्नै व्यवहारले गर्दा पनि कसैको चंगाई हुनबाट बन्चित हुनसक्छ? तपाईको गलत व्यवहारले, तपाई विश्वासीहरुको स्वीकार नगरेको पापहरु नै यो मण्डली तितो तरिकामा असफल हुनुको कारण हुन्छ। र न्यायको दिनमा यो हरेक असफलताको लागि तपाई जिम्मेवार हुनुहुनेछ। ओ, तपाईले भन्नुहुन्छ, "अब, एक मिनेट पर्खनुस्, भाई ब्रन्हाम।" ठिक छ, त्यो सहि हो। यसको विषयमा सोच्नुहोस्!

55 यहोशू, उनले त्यस देशमा गईसकेपछि, परमेश्वरले उनलाई प्रतिज्ञा दिनुभयो कि...मात्रै सोच्नुहोस्, पुरा अभियान एउटा पनि मानिस नगुमाईकन लड्नु, एउटा खरोच पनि नहुने गरि, कुनै स्याहार पनि नभईकन, या प्राथमिक उपचार या मलम पट्टि नागरिकन। आमेन। परमेश्वरले भन्नुभयो, "त्यो देश तिमीहरुको हो, जाउ त्यसको लागि लड।" विचार

गर्नुहोस्, एउटा अभियान लडाई गर्दै, र त्यहाँ वरपर कुनै रेड क्रस छैन, त्यहाँ कसैलाई चोट समेत लाग्नेवाला छैन!

56 र तिनीहरुले अमोरी र हित्तीहरुलाई मारे, तर तिनीहरु कसैमा एउटा पनि चोट लागेको थिएन जबसम्म शिविरमा पाप आएन। र जब आकानले बेबिलोनको पोशाक चोरे र ती सून चाँदीहरु लगे, र आफ्नो शिविर भित्र लुके, त्यसपछि दोस्रो दिन तिनीहरुले आफ्ना सोह्रजना मानिसहरु गुमाए। यहोशूले भने, "रोक! रोक! एक मिनेट पर्ख, त्यहाँ केहि समस्या छ! यहाँ केहि गलत छ। हामी सात दिनको उपवासको लागि आह्वान गर्नेछौ। परमेश्वरले हामीलाई एउटा प्रतिज्ञा गर्नुभएको छ, 'त्यहाँ केहि पनि कुराले हामीलाई चोट पुर्याउनेछैन।' हाम्रा शत्रुहरु हाम्रा खुट्टा मुनी गिर्नेछन्, र त्यहाँ केहि गलत छ यहाँ। कहिँ कुनै ठाउमा केहि गलत भएको छ, किनकि हाम्रा सोह्रजना मानिसहरु यहाँ मरेको अवस्थामा छ। तिनीहरु इस्राएली दाजुभाईहरु हुन्, र तिनीहरु मरेका छन्।"

57 तिनीहरु निर्दोष मानिसहरु किन मरे? किनभने एउटा मानिसले सिमाभन्दा बाहिर टेक्यो। तपाईले देख्नुभयो यो सिकाउन पर्ने कारण? मण्डलीले आफुलाई परमेश्वरको वचन अनुरुप आफुलाई राखेको छ, परमेश्वरसंग मिलाएको छ र एक अर्कामा सबै कुरा मिलाएको छ, पूर्ण रूपले ठिक तरिकामा चनाखो भई सबै मानिसहरको अगाडी परमेश्वरको भयमा हिडेको छ। किनभने एउटा मानिसले वस्त्र चोर्यो, र केहि कुरा गर्यो जुन त्यसले गर्न नहुने थियो, त्यहि कुराले सोह्रजना मानिसको जीवन लियो! मलाई लाग्छ त्यो सोह्रजना मानिसहरु थिए, हुनसक्छ त्यो भन्दा बढि थियो। म विश्वास गर्छु कि त्यो सोह्रजना मानिस थियो जो मरेको थियो।

58 यहोशूले बोलाए, र भने, "त्यहाँ केहि समस्या छ! परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो, र केहि कुरा गलत भएको छ।"

59 जब हामीले बिरामीलाई यहाँ माथि ल्याउछौ, र तिनीहरु चंगाई हुन असफल हुन्छन्, हामीले एउटा प्रभावशाली उपवासको लागि बोलाउनुपर्छ, मण्डलीलाई बोलाउनुपर्छ। कहिँ कुनै ठाउमा समस्या छ। परमेश्वरले प्रतिज्ञा गर्नुभयो, परमेश्वर त्यहि प्रतिज्ञामा अडिक रहनु पर्छ, र उहाले त्यो पूरा गर्नुहुनेछ।

60 र उनले एउटा उपवासको लागि बोलाए। र तिनीहरुले पत्तो पाए, तिनीहरुले समस्य पत्तो लगाए। र आकानले त्यो स्वीकार गर्यो। र तिनीहरुले

आकान र त्यसको परिवार सबैलाई मारे, र तिनीहरुको खरानी जलाए, र त्यहि सम्झनाको लागि छोडिदिए। र यहोशू ठिक त्यो लडाईबाट भएर गए, सबै कुरा कब्जागर्दै, एउटा पनि खरोच या एउटा पनि घाउ नभईकन लडाए गरे। त्यहाँ तपाई हुनुहुन्छ।

61 एक दिन उनलाई थोरै समय चाहिएको थियो, विशेष समय। सूर्य अस्ताउदै थियो, मानिहरुले रातको समयमा राम्ररी लड्न सक्दैन थिए। यहोशू, त्यस महान् योद्धा, परमेश्वरद्वारा अभिषेक भएको, पदिय रूपमा भूमीमा स्थापित गरिएको, जस्तो नया मण्डलीको लागि एफिसी हो, कब्जा गर्दै, अधिकार गर्दै र भूमीमा हक राख्दै, त्यसलाई आफ्नो अधिकार भित्र राख्दै। उनलाई केहि समय चाहिएको थियो, त्यसैले उनले भने, "सूर्य, स्थिर बस्!" र उनले त्यो भूमी नलिएसम्म सूर्य करिब बाह्र घण्टासम्म स्थिर बसीरह्यो। बुझ्नुभयो?

62 अब एफिसीको पुस्तकले हामीलाई ख्रीष्टमा उपयुक्त स्थानमा स्थापित गर्छ, जस्तो तिनीहरु पवित्र भूमीमा रहेका थिए। हामी पवित्र भूमीमा होइन तर पवित्र आत्मामा स्थापित गरिएका छौं! अब आउनुहोस् हामी केवल एउटा वचन पढौं, हेर्नेछौं मण्डली कति सिद्ध छ।

*परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट...*

63 ओ, मलाई त्यो मन पर्छ! परमेश्वरले उनलाई एउटा प्रेरित बनाउनुभयो। कुनै एल्डरले उनीमाथि हात राख्नुभएको होइन, कुनै बिशपले उनलाई कतै पठाएको होइन, तर परमेश्वरले उनलाई बोलाउनुभयो र उनलाई प्रेरित बनाउनुभयो।

> *परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट,* ख्रीष्ट येशूमा *विश्वासी एफिससमा भएका सन्ताहरुलाई* (शुद्ध पारिएकाहरु)

64 हेर्नुहोस् उनले यसलाई कसरी सम्बोधन गर्छन्। यो अविश्वासीहरुको लागि होइन। यो मण्डलीको लागि हो। यो बोलाएर निकालिएकाहारु लाइ भनिएको हो, शुद्ध पारिएकाहरुलाई र ख्रीष्ट येशूमा भएका बोलाएर निकालिएकाहरुलाई।

65 अब, यदि तपाई जान्न चाहनुहुन्छ कि हामी कसरी ख्रीष्ट येशूमा हुनसक्छौ भनि, यदि तपाईले पहिलो कोरिन्थीको 12 मा पल्टाउनुभयो भने, "किनकि एउटै आत्माद्वारा हामी एउटै शरीरमा बप्तिष्मा भएका छौं।"

कसरी? केद्वारा बप्तिष्मा भएको? पवित्र आत्माद्वारा। पानिद्वारा बप्तिष्मा भएको होइन, तपाईहरु चर्च अफ क्राईष्टका मानिसहरु, तर एउटा आत्मा द्वारा भएका हौ, एउटा आत्माद्वारा। कुनै एउटा ह्यान्डसेकबाट होइन, कुनै एउटा अक्षरबाट होइन, एउटा चिर्काउबाट होइन। तर एउटै आत्माबाट हामी सबै एउटै शरीरमा बप्तिष्मा भएका हौ, हाम्रो अधिकार, त्यो देश जसमा बस्नको लागि परमेश्वरले हामीलाई दिनुभयो, जो पवित्र आत्मा हुनुहुन्छ। जसरी उहाले यहूदीहरुलाई कनान दिनुभयो, उहाले हामीलाई पवित्र आत्मा दिनुभयो। एउटै आत्माद्वारा हामी सबैजना एउटै शरीरमा बप्तिष्मा भयौ। तपाईले बुझ्दै हुनुहुन्छ?

66 अब, उहा आत्मिकी कनानीहरु संग बोल्दै हुनुहुन्छ, आत्मिकी इस्राएल, आत्मिकी इस्राएल जसले देश अधिकारमा ल्याएको छ। ओ, के तपाई खुसी हुनुहुन्न कि तपाई मिश्रको अदुवाबाट निस्की आउनुभएको छ? के तपाई खुसी हुनुहुन्न कि तपाई उजाडस्थानबाट निक्री आउनुभएको छ? र, याद गर्नुहोस्, तिनीहरुले त्यस भूमीमा नगएसम्म तिनीहरुले मन्न खानुपर्थ्यो, स्वर्गको स्वर्गदूतहरु को भोजन। र जब तिनीहरुले पार गरेर त्यस भूमीमा पुगे, मन्न खस्नबाट बन्द भयो। त्यसबेला तिनीहरु पूर्ण रूपले परिपक्क भईसकेका थिए, र तिनहरुले त्यस भूमीको पुरानो अन्नहरु खाए। अब, तपाईहरु कुनै तरिकाले पनि शिशु हुनुहुन्न, अब तपाईले सुसमाचारको इमान्दार दूध मात्र चाहनुहुन्न, अब तपाईलाई बच्चालाई झैँ गर्नुपर्दैन, बच्चालाई झैँ थपथपाई, र मण्डली आउनलाई राजी गराउनु पर्दैन, अब तपाई वास्तविक पूर्ण रूपले परिपक्क इसाई हुनुहुन्छ, तपाई अब बलियो मासु खाना तयार हुनुहुन्छ। तपाई केहि कुरामा आउनलाई तयार हुनुहुन्छ, पावलले त्यसो भने। तपाईहरु केहि गहिरो र समृद्ध कुरा बुझ्न तयार हुनुहुन्छ। ओ, हामी त्यसमा सिधै जानेछौ। र, ओ, यो संसारको उत्पत्ति देखि नै लुकाएर राखिएको छ। उनले भने, “अब तिमीहरु यस कुरामा आएका छौ, म यी कुराहरु तिमीहरुलाई सम्बोधन गर्दैछु।” तिनीहरुको लागि होइन जस्तै हालसालैमात्र मिश्र छोडेको छ, तिनीहरुको लागि होइन जो अझै पनि यात्रामा छन्, तर तिनीहरुको लागि जो प्रतिज्ञाको देशमा छन्, जसले प्रतिज्ञा प्राप्त गरेका छन्।

67 कतिजनाले पवित्र आत्माको प्रतिज्ञा प्राप्त गरेका छन्? ओ, के तपाई खुसी हुनुहुन्न कि तपाई अब यहाँ यो भूमीमा हुनुहुन्छ, पुरानो अनाज खादै हुनुहुन्छ, परमेश्वरको बलियो चिजहरु खादै हुनुहुन्छ र एउटा प्रष्ट समझ

पाउनुभएको छ। तपाई—तपाईको आत्मिक दिमाग सबै बेपर्दा पारिएको छ। तपाईलाई ठिक तरिकाले थाहा छ कि उहा वास्तवमा को हुनुहुन्छ। तपाईलाई स्पष्ट थाहा छ कि उहा के हुनुहुन्छ। तपाईलाई सहि तरिकाले थाहा छ कि तपाई कहाँ जादै हुनुहुन्छ। तपाईलाई ती सबै के को विषयमा हो भन्ने कुरा स्पष्ट थाहा छ। तपाईलाई जान्नुहुन्छ कि तपाईले ठिक कसमा विश्वास गर्नुभएको छ र भरोसा गर्नुभएको छ। उहाले त्यो राख्न सक्षम हुनुहुन्छ जुन कुरा तपाईले उहामा त्यस दिनको विरुद्ध प्रतिवद्धता गर्नुभएको छ। ओ, त्यो नै हो, त्यहि नै हो जस संग पावल अहिले बोल्दैछन्। ध्यान दिएर सुन्नुहोस्। अब हेर्नुहोस्।

*...ख्रीष्ट येशूमा विश्वासी*

68 अब, म मण्डलीको लागि त्यो दोहोर्याउछु। हामी ख्रीष्टमा कसरी जान सक्छौ? मण्डलीमा भर्ना भएर? होइन। किनातमा हाम्रो नाम लेखाएर? होइन। पानीमा डुबेर बप्तिष्मा लिनाले हो? होइन। हामी ख्रीष्टमा कसरी पुग्न सक्छौ? एउटै पवित्र आत्माद्वारा हामी एउटै प्रतिज्ञामा, एउटै शरीरमा बप्तिष्मा भएका छौ, र ती सबैथोकका हकदार भएका छौ जुन त्यस भूमीमा छ। आमेन! ओ, म—मलाई यो मन पर्छ। यदि यो फाटेको आवाज नभईदेको भए, म खुसीले कराउने थिए। जब म यस भूमीमा आए, त्यो मेरो भयो। म अब घरमा छु; म कनानमा छु। म ती सबै कुरामा सुम्पिएको छु जुनको लागि मलाई परमेश्वरले प्रयोग गर्न चाहनुहुन्छ। म पवित्र मैदानमा हिडिरहेको छु, राजाको एउटा छोराको रूपमा, सबै पोशाक लगाएर तयार अवस्थामा। म मिश्रबाट निक्ली आएको छु, माथि प्रतिज्ञाको देशमा आएको छु, परिक्षाहरुमा खडा उत्रेको छु, यो आशिषित प्रतिज्ञामा यर्दन पार गरेर आएको छु। ओ, यो मैले कसरी पाए? एउटै आत्माद्वारा पाए। त्यहि तरीकामा पावलले पाए, उहि तरिकामा मसंग व्यवहार गर्नुभयो जुन तरिकामा पावलसंग गर्नुभएको थियो, त्यहि तरिकामा तपाईसंग पनि व्यवहार गर्नुभयो। एउटै आत्माद्वारा हामी सबैजना बप्तिष्मा भयौ। छिर्काउ भएको होइन, केवल त्यसको एउटा सानो छिर्काउले, राम्रो महसूस हुँदछ; तर पानी मुनि डुबेको! सबै कुरा तल पवित्र आत्मामा पौडिनको लागि बनाईएको हो। त्यो नै प्रतिज्ञा हो।

69 हाम्रो एफिसीकाहरु, हाम्रो यहोशू, जो पवित्र आत्मा हुनुहुन्छ, *यहोशूको* अर्थ "येशू, उद्धारक," हो, यहोशूको अर्थ पवित्र आत्माले जस्तो प्राकृतिक

छ त्यस्तै नै आत्मिक कुराको प्रतिनिधित्व गर्दै थियो, कि उँहा हाम्रो महान् योद्धा हुनुहुन्छ। उहा हाम्रो महान् अगुवा हुनुहुन्छ। जसरी परमेश्वर यहोशूसंग हुनुहुन्थ्यो, त्यसरी नै परमेश्वर (पवित्र आत्मा भित्रबाट) हामीमा काम गर्नुभएको छ। र जब पाप शिविर भित्र आउदछ, तब पवित्र आत्माले रोकावटको माग गर्नुहुन्छ, "यो मण्डलीमा के समस्या छ? केहि समस्या छ।" ओ, के तपाईले देख्नुहुन्न कि हामीमा कति धेरै किशका छोराहरु छन्? अत्याधिक साऊलहरु सम्मेलन र थियोलोजिकल विद्यालयहरूबाट आएर बाहिर जाँदै यी विकृत कुराहरु सिकाउदैछन्, जस्तो तिनीहरुले गर्दछन् भनेर बाईबलले भनेको थियो। "देखिएको छ कि विश्वास चाहि छैन, आफैलाई तपाईबाट अलग्याएका छन्, तपाईसंग कुनै संगति गरेका छैनन्, र अन्य कुरा तर्फ लागेका छन्, भक्तिको भेष धारण गरेका छन् र सामर्थ्य चाहि इन्कार गरेका छ, यसरी फर्कीगएका छन्।" तिनीहरु जान्दैनन् तिनीहरु कहाँबाट आएका हुन्, तिनीहरुले कुनै पनि कारण दिनसक्दैनन्।

70 म भाई बुथ क्लिब्बर्नबाट यो भन्छु, मेरो एउटा मित्र हुनुहुन्छ, यदि त्यहाँ केहि कुरा छ जुन...गैरकानूनी ईश्वरीय सृष्टि छ, कुनै पनि कुरा जुन संसारमा छ, त्यो एउटा खच्चर हो। खच्चर सबैभन्दा तुच्छ कुरा हो। त्यो एउटा... उसलाई थाहा छैन ऊ के हो। उसले आफु जस्तै कोहि पनि उत्पादन गर्न सक्दैन। खच्चर अर्को खच्चरसंग मिलेर अर्को खच्चर ल्याउन सक्दैन। ऊ त्यत्तिमै सिद्दियो। उसलाई थाहा छैन उसको पिता कहाँबाट आयो, न त उसले आफ्नो आमा कहाँबाट आयो भनि थाहा पाएको हुन्छ, किनकि ऊ एउटा सानो गधा र घोडा हो। परमेश्वरले कहिल्यै पनि त्यस्तो गर्नुथिएन। त्यस्तो कुरा तपाईले परमेश्वरले गर्नुभयो नभन्नुहोला। परमेश्वरले कहिल्यै पनि त्यसो गर्नुभएन। परमेश्वरले भन्नुभयो, "सबैले आफ्नो प्रजाति उत्पादन गरोस्।" हो, श्रीमान्। तर एउटा खच्चर...उसको पिता गधा हो र उसको आमा एउटा घोडि हो। त्यसैलाई उसलाई थाहा छैन खास ऊ केमा पर्छ। उ—उ एउटा घोडा हो जो एउटा खच्चर बन्ने कोशिष गर्दैछ, वा एउटा खच्चर...या घोडा एउटा घोडा जो गधा बन्ने कोशिष गर्दैछ, या एउटा गधा जो घोडा भन्न कोशिष गर्दैछ। त्यसलाई थाहा छैन आफु के हो भनेर। र यो संसारकै एउटा जिद्दि वस्तु हो। तपाईले त्यसमा कहिल्यै पनि एक रति पनि भरोसा राख्न सक्नुहुन्न।

71 र त्यहि नै तरिकामा अधिकांश मान्छे मण्डलीमा छन्। तिनीहरु जान्दैनन् कि तिनीहरुका पिताको हुनुहुन्छ, तिनीहरु जान्दैनन् कि

तिनीहरूका आमा को हुन्। तिनीहरुले जानेको केवल यो मात्र छ, कि तिनीहरु या त प्रेस्बीटेरियन, मेथोडिष्ट, ब्याप्टिष्ट, वा पेन्टिकोष्टल, वा केहि हुन्। तिनीहरु जान्दैनन् तिनीहरु कहाँबाट आए। र त्यो बुढो गधालाई, तपाईले केवल उसलाई कराउन सक्नेसम्म कराउनुहुन्छ, र ऊ केवल त्यहाँ उभेर बस्छ र त्यो ठूलो कान त्यहि राखिराख्छ र केवर हेरेर बस्छ। तपाईले तिनीहरुलाई रातैभरि प्रचार गर्नसक्नुहुन्छ, र तिनीहरुलाई आउदा केहि जति जानेका थिए त्यो भन्दा बढि केहि पनि थाहा हुदैन छोडेर जानेबेलामा। अब, त्यो ठिक हो। म निर्दय बन्नको खोजेको होइन, तर म तपाईलाई सत्यता बताउन चाहन्छु।

72 तर त्यहाँ एउटा कुरा छ जुन तिनीहरुले गर्न सक्छन्, तिनीहरु राम्रा कामदारहरु हुन्। ओ, तिनीहरु केवल काम, काम, काम, काम भनेर गर्छन्। त्यसले मलाई ती अर्मिनियनका झुण्डको बारेमा सोच्ने बनाउछ जो सधै स्वर्ग जाने बाटो बनाउने कोशिषमा आफ्नो कार्य गरिरहेका हुन्छन्। त्यो सहि हो, एउटा खच्चर। ओ, द लेडिज एड सोसाईटि, र चिकेन सपर, तिर्नको लागि प्रचारक। “र हामीमा यो नृत्य हुनपर्छ, र यो सामाजिक हुन पर्छ।” यो केवल कर्म हो। कर्म, कर्म, कर्म, कर्म, कर्म, कर्म। र, तिनीहरु, तिनीहरुले केको लागि कर्म गर्दैछन्?

73 तिनीहरुलाई सोध्नुहोस्, “विश्वास गरेको दिन देखि के तिमीहरुले पवित्र आत्मा पायौ?”

74 तिनीहरुले आफ्नो कान त्यहि अडकाउछ, र जान्दैनन् खास तिनीहरु कहाँका पर्छन्, “तपाईले के भन्न खोज्नुभएको? कहाँबाट *यी* सबै? तपाईको मतलब के, पवित्र आत्मा? मैले यसको बारेमा कहिल्यै पनि सुनेको नै छैन। ओ, तपाई एक प्रकारको अन्धोभक्त नै हुनुपर्छ।” बुझ्नुभयो, तिनीहरुलाई थाहा छैन कि पिता हो, या त को आमा हो। र तपाईले गर्ने हरेक कुरामा तपाईले तिनीहरुलाई हिर्काउन पर्ने हुन्छ, *यहाँ* हिर्काउने र *त्यहाँ* हिर्काउने, र *यहाँ* हिर्काउने र *त्यहाँ* हिर्काउने। त्यो सहि हो, एउटा बुढो खच्चर।

75 तर, म तपाईलाई भन्छु, तपाईले त्यो गर्नु पर्दैन एउटा वास्तविक घोडासंग। उसको माथि केवल एकपटक हिर्काउनु, र भाई, त्यो जान्छ। उसले जानेको छ कि उसले के गर्दैछ। ओ, एउटा सक्कल घोडामा कुद्नुको मजा कस्तो अद्भूत हुन्छ! यो भन्न कति राम्रो लाग्छ, “दौडि घोडा।” ओ,

भाई तपाईले कस्सेर समात्दा राम्रो हुन्छ भाई, उसले आफ्नो तबेला हावामा छोडिदिन्छ।

76 त्यहि नै तरिकामा एउटा सक्कल इसाईसंग हुन्छ। हाल्लेलुयाह! “तपाईहरुले पवित्र आत्मा प्राप्त गर्नुहुनेछ। तपाईहरु हरेकले आफ्ना पापहरुको निम्ति पश्चाताप गरि येशू ख्रीष्टको नाउमा बप्तिष्मा लिनुहोस्।” जति चाडो तिनीहरु त्यस पानीमा जान सक्छ, तिनीहरु जान्छन्। तिनीहरु दिन र रात कहिल्यै आराम गर्न सक्दैनन् जबसम्म तिनीहरुले पवित्र आत्मालाई प्राप्त गर्दैनन्। किन? तपाईलाई थाहा छ, एउटा इसाईले जान्दछ कि उसको पिता को हो। बुझ्नुभयो, जन्म दिनको लागि दुइजना चाहिन्छ। त्यो सहि हो, पिता र आमा। खच्चरलाई थाहा थिएन कुन चाहि पिता हो र कुन चाहि आमा। तर हामी जान्दछौ कुन चाहि पिता र आमा हो भनि, किनकि हामी परमेश्वरको लेखिएको वचनद्वारा जन्मिएका हौ, र पवित्र आत्माद्वारा पुष्टि गरिएका हौ। पत्रुसले पेन्टिकोष्टको दिनमा भनेका थिए, “यदि तिमीहरुले प्रत्येकले येशू ख्रीष्टको नाउमा आफ्ना पापको क्षमाको लागि पश्चाताप गर्यौ र बप्तिष्मा लियौ भने, तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।”

77 र, भाई, एउटा वास्तविक रूपमा नया गरी जन्मेको इसाई, उसको आत्मा, जुन बेलामा उसले वचन पाउदछ, उसले पवित्र आत्मा पाउदछ। उसलाई त्यसबेलामा केहि कुरा सोध्नुहोस्! उसले जान्दछ कि ऊ कहाँ खडा हुदैछ। “के तपाईले दिव्य चंगाईमा विश्वास गर्नुहुन्छ?” “आमेन” “के तपाईले दोश्रो आगमनमा विश्वास गर्नुहुन्छ?” “आमेन!”

78 एउटा खच्चरलाई त्यो कुरा सोध्नुहोस्। खच्चरको धर्मलाई, “अँ, मलाई थाहा छैन। डक्टर जोन्सले एकसमयमा भन्नुभएको थियो...” हँ! त्यहाँ, साऊल तर्फ जान्छ। बुझ्नुभयो? “ओ, तिनीहरुलाई थाहै छैन। ठिक छ, म तपाईलाई भन्छु, मेरो मण्डली यस विषयमा थाहा छैन।”

79 ओ, भाई, तर एउटा नया गरि जन्मेको पुरुष वा स्त्री प्रभु येशूको आगमनको विषयमा त्यतिकै निश्चित हुन्छन्, जति तिनीहरु आफुले पवित्र आत्मा आएकोमा निश्चित हुन्छन्, जसरी पवित्र आत्मा दिईन पर्ने थियो।

80 अब, येशूले भन्नुभयो...त्यो इनारमा भएको स्त्री, “हामी यस पर्वतमा पूजा गर्छौं, र यहूदीहरुले यरूशलेममा गर्छन्।”

81 उहाले भन्नुभयो, "महिला, मेरा वचनहरु सुन! त्यो घडि आईरहेको छ, र अहिले, जब पिताले तिनीहरुलाई खोज्नेछन् जसले उहालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्।"

82 तपाईको वचन सत्य हो। र हरेक मानिस जसले बाईबल पढ्छ र बाईबलले भनेका हरेक वचन विश्वास गर्दछ, र त्यसको निर्देशनहरु पछ्याउछ, र तिनीहरुले प्राप्त गरेको त्यहि पवित्र आत्मा प्राप्त गर्दछ, उहि तरिकामा प्राप्त गर्दछ, उहि नतिजा तिनीहरुले प्राप्त गर्नेछन्, उहि शक्ति तिनीहरुले प्राप्त गर्नेछन् जब तिनीहरुले त्यो प्राप्त गरे, उसलाई थाहा हुन्छ कि उसको पिता र आमा को हो भनि। उसले जान्दछ कि ऊ येशू ख्रीष्टको रगतद्वारा धोईएको छ, आत्माद्वारा जन्मिएको छ, परमेश्वरको जोसद्वारा भरिएको छ। उसले जान्दछ कि ऊ कहाँ खडा भईरहेको छ। निश्चय पनि, ऊ कनानमा हुन्छ। उसले जान्दछ कि ऊ कहाँबाट आयो। त्यो तरिकामा हुन्छ एउटा वास्तविक इसाईसंग। उहालाई सोद्धुहोस्, "के तपाईले विश्वास गरेको दिन देखि पवित्र आत्मा पाउनुभएको छ?" "आमेन, भाई!"

83 केहि दिन अगाडि एउटा बृद्धा सन्त छेउमा बसिरहेको थिए, जो बयानब्बे वर्ष हुनुहुन्छ, उहाको पचास्सी वर्षको पाष्टरसंग कुरा गर्दै थिए, मैले भने, "हजुर आमा?"

जति उज्यालो उहा हुनसक्नुहुन्थ्यो, उहाले उज्यालो भएर भन्नुभयो, "भन्नुस्, मेरो छोरा।"

84 मैले भने, "कति समय भयो तपाईले पवित्र आत्मा प्राप्त गर्नुभएको?"

उहाले भन्नुभयो, "परमेश्वरको महिमा भएको होस्! करिब साट्ठी वर्ष पहिले मैले पाए।"

85 अब, यदि उहा एउटा खच्चर हुनुभएको भए, उहाले भन्नुहुन्थ्यो, "अब, एकछिन् पर्खिउ, म स्पस्ट थिए र छिर्काउ भएको थिए जब म...ठिक छ, निश्चय नै, र तिनीहरुले मलाई मण्डलीमा लागे र मैले मेरो पत्र त्यहाँ *त्यसैले* लगे।" ओ, ममा कृपा गर्नुहोस्! तिनीहरुले जान्दा पनि जान्दैनन् तिनीहरु कहाँका हुन् भनि।

86 तर उहालाई थाहा थियो कि कहाँबाट उहाको जन्म अधिकार आउछ। उहा त्यहाँ हुनुहुन्थ्यो जब त्यो भयो। उहा पानी र आत्माद्वारा जन्मनुभएको थियो। उहालाई थाहा थियो, र वचनद्वारा पानीको धुवाईबाट पानी हुनको लागि वचन चाहिन्थ्यो।

87 अब हेर्नुहोस् यो कसरी सम्बोधन गरियो, “तिनीहरु जो ख्रीष्ट येशूमा छन्।” पावल, अब, याद गर्नुहोस्...मैले धेरै लामो समय लिईराको छु, तर म यो अध्यायबाट भएर अझै पनि गईरहेको छुइन। तर म चाडो गर्नेछु... के तपाईलाई यो मन पर्छ? ओ, यसले हामी कहाँ छौ भनि भन्छ, तर हामीले यो केवल एकै रातमा गर्न सक्दैनौ। हामीलाई एक वा दुइ महिना जति चाहिन्छ, हरेक रात, ठिक यसबाट भएर जान। वचन देखि वचन भएर जान पर्छ। पछाडि फर्केर जानेछु र यसलाई इतिहासमा ल्याउएर र ठिक त्यसमा राख्नेछु, वचनमाथि वचन लिनेछु, र यो सत्य हो भनि देखाउनेछु। अब म फेरी पद छिट्टो पढ्नेछु।

*परमेश्वरको इच्छाद्वारा* (मानिसको इच्छाबाट होइन) *ख्रीष्ट येशूको प्रेरित पावलबाट, र* (संयोजक) *ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरुलाई:*

88 यसको अर्थ, “तिनीहरु बोलाएर ल्याएका, अलग्याएका, र अब पवित्र आत्माबाट बप्तिष्मा भएका, र ख्रीष्ट येशूमा रहेकाहरु। म यो पत्र तिमीहरुलाई सम्बोधन गर्दैछु, मेरा प्रियहरु हो।” ओ! म पावललाई त्यहाँ पारी तिनीहरुसंग रहेको कल्पना गर्दैछु, ओ, कति खुसी छन्! त्यो सानो बुढो प्रेरितको त्यहाँ तल शिरको छिनाएर मारिएको थियो। म त्यो ठाउमा पुगेको थिए जहाँ तिनीहरुले उनको शिरको काटेर मरेका थिए। तर, ओ, उनको शिर उनको नया शरीरमा छ, र त्यस शरीरमा फेरी कहिल्यै पनि शिर काट्न सक्ने छैन। र ठिक यो समय उनी अहिले ती विश्वासीहरु संग बसिरहेका छन्, त्यो प्रेरित जसले यो लेखे। र भने, “तिमीहरु जो ख्रीष्ट येशूमा छौ! एकै आत्माद्वारा हामी यस शरीरमा बप्तिष्मा भएका छौ।” अब हेर्नुहोस्।

*हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।*

*हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई...*

ओ, तपाईले यो सुन्दै हुनुहुन्छ, चार्ली?

*हामीहरुलाई आत्मिक आशिषले ख्रीष्टमा आशिर्वाद दिनुभएको छ...*

89 केवल केहि प्रेरितहरुलाई या *यी* केहिहरुलाई मात्र होइन, तर उहाले हामीलाई सबै आत्मिक आशिषहरुले आशिर्वाद दिनुभएको छ। त्यहि पवित्र आत्मा जसले मरियमलाई अन्यभाषाबाट कराउने र बोल्ने बनायो, र अद्भूत

समय पाए र आनन्द मनाए, र ती सबै कार्य जुन उनले गर्नलाई प्रेरित गराए, त्यहि पवित्र आत्मा आजराति यहाँ हुनुहुन्छ। त्यहि पवित्र आत्मा जसले पावललाई त्यो पुरानो डुंगामा राख्यो, जहाँ त्यो एउटा पानीमा मुडा जस्तो देखिन्थ्यो र जान लागेको जस्तो देखिन्थ्यो, र चौध दिनसम्म न त चन्द्र या ताराहरु नै थियो। र उनले यो समुन्द्रमा हेर्थ्यो सबै छालमा शैतान थियो, हेर्दै र दात चम्काऊदै थियो, र भन्यो, "म तलाई डुबाउनेछु, केटा, त मेरो फन्दामा परिस् अब।"

90 र जब पावल एउटा सानो प्रार्थना गर्न तल गए, त्यहाँनिर एउटा स्वर्गदूत उभिए, र भने, "नडराऊ पावल। यो पुरानो डुंगा कुनै टापूमा जानेछ। जाऊ र तिम्रो खाना खाऊ, सबै कुरा ठिक हुनेछ।"

91 यहाँ तिनीहरु संग उनी आफ्नो हातहरुमा जन्जिरले बाधिएको अवस्थामा आउछन्, जन्जिरलाई आफ्नो खुट्टामा घिसार्दै आउछन्, र भन्छन्, "सहासी होओ, ओ मानिसहरु, किनकि परमेश्वर, परमेश्वरको दुतले, जसको म दास हुँ, मेरो अगाडि खडा भई मलाई भन्नुभयो, 'पावल, तँ नडरा।'" त्यहि नै पवित्र आत्मा आज राति यहाँ हुनुहुन्छ, त्यहि परमेश्वरको आत्माले उहि आत्मिक आशिषहरुले सेवा गर्दै हुनुहुन्छ।

> *...जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिषले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ...*

92 ओ, केहि क्षणको लागि हामी यसलाई यहि रोकौ। "स्वर्गीय स्थानहरुमा।" अब, अरु ठाउमा होइन, तर स्वर्गीय स्थानहारुमा। हामी "स्वर्गीय," कुरामा भेला भएका छौ, यसको अर्थ हो कि विश्वासीको पद। कि, यदि मेरो निम्ति प्रार्थना गरियो, तपाईको निम्ति प्रार्थना गरियो, वा मण्डलीको निम्ति प्रार्थना गरियो, र हामी संदेशको निम्ति तयार भयौ, र हामीले आफैलाई एउटा सन्तको रूपमा भेला गरायौ, एउटा बोलाईएको, पवित्र आत्माद्वारा बप्तिष्मा भएको, परमेश्वरको आशिषहरुले भरिएको, बोलाईएको, चुनिएको, र अहिले स्वर्गीय स्थानहरुमा राखिएको, हामी हाम्रो प्राणहरुमा स्वर्गीयहरु हौ। हाम्रा आत्माहरुले हामीलाई एउटा स्वर्गीय वातावरणमा ल्याएका छन्! ओ, भाई! त्यहाँ तपाई हुनुहुन्छ, एउटा स्वर्गीय वातावरणमा! ओ, आज राति के हुनसक्छ, आज राति के हुनसक्छ यदि हामी हामी यहाँ एउटा स्वर्गीय वातावण बसिरहन्छौ भने, र पवित्र आत्मा प्रत्येक हृदयमा हिड्नुहुन्छ जुन नया गरी जन्मेको छ र ख्रीष्ट येशूमा

नया सृष्टि भएका छन्? सबै पापहरु रगतको मुनि, सिद्ध आराधनामा, हाम्रा हातहरु परमेश्वरमा उठाईरहेका र हाम्रा हृदयहरु उचालिएका, ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरुमा वास गर्दै, संगै स्वर्गीय स्थानहरुमा आराधना गर्दै।

93 के तपाई कुनै एउटामा कहिल्यै बस्नुभएको छ? ओ, म तबसम्म बसेको छु जब सम्म म खुशीले रुन्थे र भन्थे, "परमेश्वर, मलाई यहाँ यो ठाउ छोड्न कहिल्यै पनि नदिनुहोस्।" केवल ख्रीष्ट येशूमा स्वर्गीय स्थाहरु।

94 हामीलाई के ले आशिष दिदै हुनुहुन्छ? दिव्य चंगाई, पूर्वज्ञान, प्रकाश, दर्शनहरु, शक्तिहरु, अन्यभाषाहरु, उल्थाहरु, विश्वासक, ज्ञान, सबै प्रकारका स्वर्गीय आशिषहरु, र अवर्णनीय आनन्द र महिमाले भरिपूर्ण, हरेक हृदय आत्माद्वारा भरिएको, संगसंगै हिड्दै, स्वर्गीय स्थानहरुमा संगै बस्दै, हामीविच कुनै एउटा पनि कुविचार नरहि, एउटै पनि चुरोट नपिई, एउटै पनि छोटो वस्त्र नलगाई, कुनै पनि *यो* विना, *त्यो* वा *अर्को* दुष्ट कुरा विना, कुनै दुष्ट विचार नराखी, कसैको विरुद्धमा कसैको केहि नभईकन, सबैजाना प्रेम र मिलनसारमा बोल्दै, सबैजना एउटै चित्तका साथ् एउटै स्थानमा, "तब अचानक त्यहाँ स्वर्गबाट एउटा शक्तिशाली बतासको आवाज सहित आउदछ।" त्यहाँ तपाई हुनुहुन्छ, "हामीलाई सबै आत्मिक आशिषहरुद्वारा आशिर्वाद दिएको छ।"

95 तब पवित्र आत्मा कसैमा झर्न सक्छ, र भन्छ, "परमप्रभु यसो भन्नुहुन्छ। कुनै एउटा ठाउमा जाउ र निश्चित काम गर।" *त्यसरी* भईरहेको हेर्नुहोस्। [भाई ब्रन्हामले आफ्नो औला पड्काउनुहुन्छ—सम्पा] बुझ्नुभयो? "परमप्रभु यसो भन्नुहुन्छ। कुनै निश्चित ठाउमा कुनै निश्चित काम गर।" *त्यो* यु भएको देख्नुहुन्छ। [भाई ब्रन्हाम आफ्नो औला पडकाउनुहुन्छ।]

96 "हामीलाई संगै स्वर्गीय स्थानहरुमा स्वर्गीय आशिषहरुद्वारा आशिषित तुल्याउनुहुन्छ।" हेर्नुहोस्!

*उहाले हामीलाई चुन्नुभए बमोजिम...*

97 के हामीले उहालाई चुन्यौ, या उहाले हामीलाई चुन्नुभयो? उहाले हामीलाई चुन्नुन्भायो। कहिले? जुन रात हामीले उहालाई स्वीकार गर्यौं? चुन्नुभयो!

> *उहाको सामुन्ने निष्कलंक होऔ*...(डिनोमिनेसनको लागि?)...*प्रेममा भनेर संसारको* उत्पत्तिभन्दा *अघिबाटै उँहाले हामीलाई चुन्नुभयो।*

98 परमेश्वरले हामीलाई कहिले चुन्नुभयो? परमेश्वरले तपाईलाइ कहिले चुन्नुभयो जसमा पवित्र आत्मा आएको छ? उहाले तपाईलाई कहिले चुन्नुभयो? संसारको उत्पत्ति हुन भन्दा अगाडि नै, उहाले तपाईलाई चुन्नुभयो, र येशूलाई पठाउनुभयो ताकि उहाले तपाईको पाप क्षमा गराउन सक्नुभएको होस्, तपाईलाई परमेश्वरसंगको मिलापमा बोलाउन सक्नको लागि, उहा आफैमा, प्रेममा। ओ, हामीसंग अझै केहि समय भईदिएको भए।

99 हामी अझै केहि परसम्म जानभन्दा अगाडि, उत्पत्ति १:२६ मा हेरौ। म यसलाई आउने बुधबार टिप्नेछु। जब परमेश्वरले मानिसलाई बनाउनुभयो... उहाले मानिसलाई बनाउनुभन्दा अगाडि, उहाले आफैलाई "एल," ई–एल, एल; एल्ह, "एला," "एलोहिम।" भनि बोलाउनुभयो। यो शब्दको अर्थ, हिब्रूमा, "स्व–विद्दमान" हो, उहा नै सबै हुनुहुन्छ। उहा भन्दा अगाडि केहि पनि थिएन, उहा मात्रै केवल एक उपस्थित र अस्तित्वमा हुनुहुन्थ्यो, स्व–अस्तित्व हुनुहुन्थ्यो, एल, एला, एलोहिम जसको अर्थ "सर्व–पर्याप्त, सर्व–शक्तिशाली, सर्वशक्तिमान, स्व–अस्तित्व हुनुहुन्थ्यो।" ओ!

100 तर उत्पत्ति २मा, जब उहाले मानिसलाई बनाउनुभयो, उहाले भन्नुभयो, "म हुँ," वाई–ए–एच–यु, जे–यु–भी–यु–एच, जेभहु, "यहोवा।" यसको अर्थ के हो? "म नै स्व–विद्दमान हुँ जसले मबाटै केहि कुरा सृष्टि गरेको छु, मेरो छोरा बनाउनको लागि, या एउटा अस्थायी, या अप्रविण, मेरो सानो बालक।" महिमा होस्! किन? उहाले मानिस दिनुभयो...यहोवाको अर्थ यो हो कि उहाले मानिसलाई एउटा अव्यावसायिक परमेश्वर बन्नलाई दिनुभयो। किनभने उहा पिता हुनुहुन्छ, परमेश्वर, र उहाले मान्छेलाई एउटा अव्यावसायिक परमेश्वर बनाउनुभयो, त्यसैले अब उहा स्व–अस्तित्वमा रहनुभएन, उहा अब आफ्नो परिवार सहित अस्तित्वमा हुनुहुन्छ। एला, एला, एलोहिम। अब, अब उहा यहोवा। *यहोवा,* को अर्थ, "उहा जो आफ्नो परिवार सहित उपस्थित हुनुहुन्छ।" अब, परमेश्वरले मानिसलाई पृथ्वीका शासक बनाउनुभयो, उसमा प्रभुत्व थियो। र पृथ्वी मानिसको प्रभुत्वमा थियो। के त्यो धर्मशास्त्र हो? यदि त्यो उसको शाषनमा थियो भने, ऊ पृथ्वीमा परमेश्वर थियो। उसले *यो* होस्

भनि बोल्थ्यो, र त्यहि नै हुन आउथ्यो। उसले यो कुरा बोल्थ्यो, र त्यो त्यस्तै नै हुन आउथ्यो। ओ! त्यहाँ ऊ परमेश्वर थियो, परमेश्वर, यहोवा, उहा जो कुनै समय स्व–अस्तित्वमा उपस्थित हुनुहुन्थ्यो, तर अब परिवार सहित उपस्थित हुनुहुन्छ, र उहाका सानाहरुसंग उपस्थित हुनुहुन्छ। त्यहाँ तपाई हुनुहुन्छ।

101 अब त्यो पढ्नुहोस्। हामी त्यसमा बुधबारको राति जानेछौ, जब हामीसंग धेरै समय हुनेछ। हामी केवल लगभग पन्ध्र मिनेट हेर्नेछौ र हामी... मैले सोचेको थिए कि म एउटा निश्चित ठाउमा यहाँ पुग्नेछु, तर हामी गर्नेछैनौ, जहाँ हामी प्रतिज्ञाको पवित्र आत्माद्वारा छाप लगाईएका छौ। ठिक छ।

102 अब, कहिले हामी परमेश्वरको दासहरु हुनको निम्ति बोलाईएका थियौ? कहिले चाहि ओर्मन नेभिल परमेश्वरको दास हुनको निम्ति बोलाईएको थियो? ओ, प्रभु! यसले मलाई विचलित पार्छ। म तपाईहरुलाई भन्छु, आउनुहोस् केहि धर्मशास्त्रहरु लिऔ। म तपाईहरुले पहिलो पत्रुस १:२० मा गएको चाहन्छु। र, प्याट, तपाई प्रकास १७:८ मा जानुहोस्। र म चाहि प्रकास १३ लिनेछु। अब हामी यहाँ सुन्न चाहन्छौ, तपाई जान्न चाहनुहुन्छ कि परमेश्वरले तपाईलाई इसाई हुनको निम्ति कहिले बोलाउनुभयो। ओ, मलाई यो मन पर्छ। यो, "मानिस रोटिमात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचनद्वारा जिउदछ।" ठिक छ, भाई नेभिल तपाईले पहिलो पत्रुस १:२० पाउनुभयो। [भाई नेभिलले भन्नुहुन्छ, "१:२०"—सम्पा] ठिक छ, १:१९ र १:२०। यसलाई सुन्नुहोस। ["१:१९ र २०"] हो। [भाई नेभिलले पहिलो पत्रुस १:१९–२०]

*तर निष्खोट र निष्कलंक थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याईएका छौ।*

*उँहा सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरुका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो।*

103 उहा कहिले नियुक्त हुनुभएको रहेछ? संसारको उत्पत्ति हुनभन्दा अगाडि। भाई प्याट, प्रकास १७:८ मेरो निम्ति पढिदिनुहोस्। [भाई प्याटले प्रकास १७:८—सम्पा]:

*तिमीले देखेको त्यो पशु एक समय थियो, तर अब छैन, र सर्वनाशमा जान अटल कुण्डबाट त्यो माथि उक्लन लागेको छ। अनि पृथ्वीका बासिन्दाहरु, जसका नाउँ संसारको उत्पत्तिदेखि*

*जीवनको पुस्तकमा लेखिएका छैनन्, तिनीहरु त्यस पशुलाई देखेर अचम्म मान्नेछन्, किनकि त्यो एक समय थियो, तर अब छैन र पछि आउनेछ।*

104 को धोकामा पर्न जानेछन्? को व्यक्ति यस धार्मिक मानिस साऊल जस्तोबाट धोकामा पर्न जानेछन्? त्यो यति धूर्त र सिद्ध थियो कि त्यसले के धोका दिनेछ? एकदमै...[सभाले भन्छन् "चुनेका"—सम्पा] यदि ["सम्भव भए"] यदि सम्भव भए। ठिक छ, प्रकास १३:८, तपाईको निम्ति म पढिदिनेछु।

*र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात, तिनीहरुले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।*

105 कहिले चाहि हाम्रो नाउँहरु थुमाको जीवनको पुस्तकमा लेखिएको थियो? जब थुमा संसारको उत्पत्ति हुनभन्दा अगाडि मारिएको थियो। जब परमेश्वर येहोवा हुनुहुन्थ्यो, एल, एला, एलोहिम, स्व–विद्दमान हुनहुन्थ्यो। ठिक एउटा महान् ठूलो हिरा जस्तो हो, र उहा शून्य रहन सक्नुहुन्नथ्यो, तर हिराको भित्र उहाको एउटा मुक्तिदाताको गुणहरु थियो। यो गुणहरुमा, उहा भित्र, उहा एउटा चंगाईदाता हुनुहुन्थ्यो। ठिक छ, त्यहाँ बचाईनको लागि केहि पनि थिएन र चंगाई गरिनको लागि केहि पनि थिएन, तर उहाको गुणले त्यो उत्पादन गरिदियो। त्यसैले, तब संसारको उत्पत्ति हुनभन्दा अगाडि, जब उहाले जान्नुभएको थियो, कि उहाको आफ्नो विषयमा महान् प्रदर्शन यहाँ, जुन कि उहा एउटा मुक्तिदाता बन्नुहुनेथियो, कि उहा संसारमा आएर देह धारण गर्नुहुन्थ्यो र हामी विच वास गर्नुहुन्थ्यो, र उहा जान्नुहुन्थ्यो कि उहाको चोटद्वारा हामी निको पारिनेथियो, उहाले आफ्नो पुस्तकमा संसारको उत्पत्ति हुनभन्दा अगाडि थुमा मार्नुभयो, र तपाईको नाउ त्यस पुस्तकमा संसारको उत्पत्ति हुनभन्दा अगाडि लेख्नुभयो।ओ!

106 यसलाई सुन्नुहोस्! पूर्वनियुक्तले पूर्वज्ञानलाई पहिले जनाउछ, मेरो मतलब चुनावलाई। चुनावले फर्केर पूर्वज्ञानलाई हेर्दछ, र पूर्वनियुक्तले गन्तव्यलाई हेर्दछ। त्यो नबिर्सनुस्, कि त्यहाँ चुनावले फर्केर हेर्छ, यहाँ यो छ, "म एउटा भेडेकुरो थिए। म पापमा जन्मिएको थिए, जन्मदा अधर्मी थिए, संसारमा झुटो बोल्दै आए, पापीहरुको माझमा जन्मिए। मेरा पिता र माता र मेरा सबै परिवार, पापी थिए। म एउटा भेडेकुरो थिए। तर, अचानक,

म एउटा गहूँ भए। यो कसरी भयो?" त्यो, त्यो के थियो? चुनाव थियो। परमेश्वर संसारको उत्पत्ति भन्दा अगाडि नै भेदेकुरोलाई एउटा गहूँको अनाज बन्नको लागि चुन्नुभयो। "अब म जान्दछु कि म गहूँको अन्न हुँ, किनभने म बचाईएको छु। यो मैले कसरी गर्न सक्छु?" पछाडि फर्कनुस् र हेर्नुहोस् कि उहाले त्यो धेरै समय अगाडि नै पूर्वनियुक्त गर्नुभयो। पूर्वज्ञानद्वारा उहालाई मैले प्रेम गरेको देख्नुभयो, त्यसैले उहाले आफ्नै पूत्रबाट सबै कुरा शान्त पार्नुभयो, कि उहाद्वारा म एउटा भेडेकुरोबाट एउटा गहूँ बन्न सकूँ। "अब, म अहिले कहाँ छु त?" म बाचेको छु, म परमेश्वरको अनुग्रहमा हिडिरहेको छु। "पूर्वनियुक्त कस्तो देखिन्छ?" गन्तव्यमा। "उहाले मलाई कहा लानुहुनेछ र म कहाँ जादैछु?" आमेन। त्यसले तपाईलाई पायो। त्यहाँ तपाई हुनुहुन्छ।

107 अब आउनुहोस् त्यहाँबाट केहि अझै पढौ, र त्यसपछि हामीले छिट्टै समापन गर्नपर्ने हुन्छ।

*उँहाको सामुन्ने पवित्र र निश्कलन होऔ भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उँहाले हामीलाई चुन्नुभयो*

*उँहाको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उँहाले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो*

108 उहाले के गर्नुभयो? उहाले, आफ्नो पूर्वज्ञानद्वारा, हामीलाई पहिले नै देख्नुभयो, यो जान्दै कि उहा एउटा मुक्तिदाता हुनुहुन्थ्यो, स्व–विद्दमान। त्यहाँ कुनै स्वर्गदूतहरु थिएनन्, केहि पनि थिएन; केवल परमेश्वर हुनुहुन्थ्यो, एला, एलोहिम, स्व–अस्तित्वमा हुनुहुने, अरु केहि थिएन केवल उँहा एक्लै मात्रै। तर उहा भित्र एउटा मुक्तिदाता हुनुहुन्थ्यो। ठिक छ, तर उहाले के चाहि बचाउन जादै हुनुहुन्थ्यो, त्यहाँ कोहि पनि गराईएका थिएनन्? यो जानेकोले, उहाले जान्नुहुन्थ्यो कि यो महान् गुण जुन उहामा थियो त्यसले केहि यस्तो कुरा त्यस समयमा प्रयोग गर्नेछ जुनलाई उहाले बचाउनुहुनेछ। तब जब त्यसले त्यसो गर्यो, उहाको पूर्वज्ञानद्वारा उहाले तल हेर्नुभयो र उहाले तिनीहरु सबैलाई देख्नुभयो जसले त्यसलाई स्वीकार गर्दथ्यो। र तब त्यसो गरेपछि, उहाले भन्नुभयो, "तिनीहरुलाई बचाउन सक्ने एउटै मात्र तरिका जुन मैले गर्नसक्छु, त्यो म आफै तल देहधारी भई गई मानिसको पाप आफैमा लिई, तिनीहरुको निम्ति मर्नेछु, ताकि म त्यो एक परमेश्वर

हुनसकूँ जसलाई आराधना गरिनेछ," किनभने उहा परमेश्वर हुनुहुन्छ, पूजनीय वस्तु।

109 तब उहा तल आउनुभयो र आफैले त्यो दोष लिनुभयो। र जसै उहाले त्यो गर्नुभयो, उहाले त्यो यस कारणले गर्नुभयो ताकि तिनीहरुलाई बचाउन सकोस् जो बचाईन चाहन्छन्। के तपाईले देख्दै हुनहुन्छ मेरो अर्थ? पूर्वज्ञानद्वारा, अनन्त परमेश्वर, जो सबै कुरा जान्नुहुन्छ, उहाले थुमालाई देख्नुभयो, र उहाले संसारको उत्पत्ति हुनभन्दा अगाडि थुमालाई मार्नुभयो, र उहाले तपाईको नाउँ थुमाको जीवनको पुस्तकमा लेख्नुभयो। र उहाले शैतानले गर्ने शैतानको कपटलाई देख्नुभएको थियो। त्यसैले उहाले तपाईको नाउँ त्यसमा राखिदिनुभयो। र उहाले भन्नुभयो कि ख्रीष्ट विरोधीहरु यति धार्मिक हुनेछन्, यति राम्रा हुनेछन्, यति असल व्यक्ति हुनेछ, यति चलाक व्यक्ति हुनेछ, यस्तो एउटा धार्मिक व्यक्ति हुनेछ, कि त्यसले सम्भव भए चुनिएकोलाई पनि भड्काउन खोज्नेछ। तर त्यो असम्भव छ, किनभने तिनीहरुको नाउँहरु संसारको उत्पत्ति हुनभन्दा अगाडि नै नियुक्त गरिएको थियो। चुनावद्वारा उहाले तिनीहरुलाई चुन्नुभयो, र पूर्वनियुक्तद्वारा तिनीहरु जान्दछन् कि तिनीहरु कहाँ जादैछन्। त्यहाँ तपाई हुनुहुन्छ।

110 अब, त्यो कसले संका गर्नसक्छ? त्यहि नै हो जे पावलले भनेका थिए। त्यो पावलको धर्मशास्त्र हो। त्यो पावलको लेखाई हो। त्यो नै हो जे उनले आफ्नो मण्डलीलाई शिक्षा दिएका थिए। मण्डली संसारको उत्पत्ति हुनभन्दा अगाडि नै उपयुक्त स्थानमा बसालिएको थियो। जब परमेश्वरले, उहाको प्रसव वेदनामा, तपाईलाई ल्याउदै हुनुहुन्थ्यो, यो जानेर कि तपाईले के गर्नुहुनेछ, उहाले तपाईलाई उपयुक्त स्थानमा उहाको आफ्नै शरीरमा राख्नुभयो, एउटा गृहिणीको बन्नको लागि, एउटा किसानको बन्नको लागि, एउटा प्रचारक बन्नको लागि, एउटा अगमवक्ता बन्नको लागि, *यो* या *त्यो* बन्नको लागि। उहाले तपाईलाई पदिय ढंगले राख्नुभयो। त्यसपछि जब हामी मिश्रको अदुवाको जमिनमा आइपुग्यौ, पवित्रीकरणद्वारा, र प्रतिज्ञाको देशमा बप्तिष्मा भयौ...किनकि, परमेश्वरको प्रतिज्ञा पवित्र आत्मा हो। एफिसी ४:३०, ले भन्छ, "परमेश्वरका पवित्र आत्मालाई दुःखित नातुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरु छाप लगाईएका छौ।" तब, परमेश्वरले, मण्डलीलाई पहिले नै नियुक्त गर्नुभई, उहाले भन्नुभयो, "र सबै मानिसहरु, तिनीहरु लाखौ गुणा लाखौ धार्मिक भएर हिड्नेछन् र छलमा पर्नेछन्।" केवल तिनीहरु मात्रै धोखामा पर्ने छैनन् जो प्रतिज्ञाको देशमा

आएका छन्, जसको नाउँहरु संसारको उत्पत्ति हुनभन्दा अगाडि नै थुमाको जीवनको पुस्तकमा राखिएको थियो, र तिनीहरु प्रतिज्ञाको देशमा आएका छन्, र त्यसमा आनन्द मनाईरहेका छन्।

111 धेरै मानिसहरु डराउछन् कि आफुले हास्यास्पद गतिविधि गर्नेछ भनि। अधिकांश मानिसहरु डराउछन् कि पवित्र आत्माले तिनीहरुलाई केहि यस्तो कुरा गर्न लगाउछन् जुन कुराले तिनीहरुलाई लाज हुन्छ भनि सोच्छन्। धेरै जना मानिसहरु डराउछन् कि तिनीहरु रुनेछन् भनि, र तिनीहरुका प्रियहरु रोईरहेका देख्नेछन् भनि, वा आमा, वा तपाईको छिमेकि, वा तपाईको बोसले तपाईलाई देख्छ भनि।

112 यो बन्द गर्नभन्दा अगाडि आउनुहोस् म तपाईलाई एउटा मानिसको विषयमा भन्छु। त्यहाँ एउटा मानिस थियो दाऊद, र जब परमेश्वरको संदूक तल फलिश्तीको भूमीमा थियो, र त्यो त्यहाँ बाट ल्याईयो, एउटा पुरानो साँढेले अन्दूकलाई तान्दै थियो, जब दाऊदले त्यो सन्दुक आईरहेका देखे, उनमा एउटा सानो राजकिय पोशाक थियो, उनी त्यहाँ दौडेर गए, उनले उफ्रदै आए, र कराउदै उफ्रिए, र उफ्रदै नाँचे। र, उनी, इस्राएलका राजा। र उनको श्रीमतीले झ्यालबाट बाहिर उनलाई हेरे र उनले अचम्मको व्यवहार गरेको देखे उनलाई तिरस्कार गरे। किन, उनले यसो भन्नुपर्ने थियो, “मुर्ख, त्यहाँ बाहिर उसलाई हेर, उसले गरेको गतिविधिलाई हेर, आफ्नो खुट्टाहरु हावामा फालेर, र चारैतिर उफ्रिदै र पागल जस्तो व्यवहार गर्दैछ, किन ऊ पागल हुनपर्छ।” र त्यस रात जब उनी भिरा आए, श्रीमतीले उनले भन्यो, “किन तिमीले मलाई लज्जित बनाएको। किन, तिमी राजा, मेरो श्रीमान्, त्यहाँ बाहिर त्यसो गरेर बसेको, त्यस्तो लाजमर्दो गतिविधि गरेको।”

113 दाऊदले भने, “भोलि म त्यो भन्दा पनि अझै राम्रो गर्नेछु। हो श्रीमान्।” उनले भने, “के तिमीलाई थाहा छैन म परमप्रभुको लागि नाँच्दै थिए?” उनले त्यहाँ पार गरेका थिए, उनी त्यस प्रतिज्ञाको भूमीमा थिए। उनले सबै आत्म–शैली र संसारको फोहोरलाई गुमाएका थिए। उनी यति खुसी थियो यो जान्दा कि उनको आफ्नै शहरमा सन्दुक आउदै थियो।

114 र, ओ, म तपाईलाई भन्छु, केहि मानिसहरु पवित्र आत्मा प्राप्त गर्न डराउछन्, तिनीहरुले अन्यभाषामा बोल्लान् कि भनेर डराउछन्। तिनीहरु डराउछन् कि कसैले तिनीहरुलाई “अब यो ती अन्यभाषा बोल्ने मान्छेहरु मध्ये हो।” भन्लान् कि भनेर डराउछन्। तिनीहरु मण्डलीमा आएर येशू

ख्रीष्टको नाउँमा बप्तिष्मा लिन डराउछन्, किनभने तिनीहरु त्यस कुराबाट लाज मान्छन्। अँ! ओ!

115 कसैले भनेको थियो मैले मेरो टेपहरु फेरी स्मरण गर्न पर्छ, किनभने मैले येशू ख्रीष्टको नाउँमा बप्तिष्माको बारेमा प्रचार गरेको थिए। मैले त्यस स्मरण गर्दिन। म त अझै त्यो भन्दा बढि कुरा गर्छु! त्यो सहि हो, अझै बढि भन्छु। त्यो बाईबल हो। यदि तिनीहरुलाई हिजो हामीले के गर्यौं त्यो मन पर्दैन भने, केवल हेर्नुहोस् कि हामी भोलि के गर्न जानेछौ! त्यो हो गर्न पर्ने कार्य, बुझ्नुभयो, केवल गईरहनुहोस्। त्यसको त्यहाँ कुनै अन्त्य छैन, किनभने त्यो परमप्रभुको हो। त्यो परमेश्वर हुनुहुन्छ।

116 तपाईलाई थाहा छ परमेश्वरले के गर्नुभयो? परमेश्वरले स्वर्गबाट तल हेर्नुभयो, उहाले भन्नुभयो, "दाऊद, तिमी मेरो हृदयको मानिस हौ।" दाऊद लज्जित थिएन। उनी परमप्रभुको दास थिए। उनले परमप्रभुलाई प्रेम गर्थे। र उनी यति खुसी थिए, र आनन्दले भरिएका थिए, कि उनले मानवीय इजातको वास्ता नै गरेनन्।

117 तपाईले देख्नुभयो, जसरी मैले आज बिहानको मेरो प्रवचनमा भनेको थिए, हामी यति धेरै डराउछौ, हामीलाई साऊलले सिकाएको चाहन्छौ, हामीले एउटा साऊल कुनै सेमिनारीबाट आएर हामीले हाम्रो धर्म कसरी गर्नुपर्छ भनि सिकाएको चाहन्छौ। त्यो यर्दनको अर्को तर्फितिर हो। यो तर्फि, पवित्र आत्माले अगुवाई गर्नुहुन्छ। यहाँनिर तपाई त्यो फोहोरबाट बाहिर छौ। यहनिर तपाई बारे तिनीहरुले के सोच्छ भन्ने बारे तपाईले वास्ता गर्नुहुन्न। यहानिर तपाई मृत हुनुहुन्छ, र तपाईको जीवन ख्रीष्टमा लुकाईएको छ...र पवित्र आत्माद्वारा मोहोर लगाईएको छ। तपाईले अरु कुराको वास्ता गर्नुहुन्न। तपाई कनानमा जिउदै हुनुहुन्छ। तपाईले असल अन्न फलाउन सक्नुहुन्छ। तपाई ख्रीष्ट येशूमा एउटा नया सृष्टि हुनुहुन्छ। तपाई प्रतिज्ञाको भूमीको लागि बाँधीनुभएको छ।

118 म याद गर्छु कि त्यहाँ पारी उभिएको, भाई कोलिन्स, केहि तिस वर्ष अगाडि, जब यो मण्डली भवन भनेको थिएन। त्यो एउटा सानो पालको सभा त्यहाँ कुनामा भईरहेको थियो, मेरो पहिलो सभा थियो। मैले यहि नै सुसमाचार प्रचार गरिरहेको थिए, उहि कुरा, ख्रीष्टको अखोजयीय समृद्धिहरु, येशू ख्रीष्टको नाउँमा पानीको बप्तिष्मा, हरेक वचन सत्य भनि विश्वास गरि, पवित्र आत्माको बप्तिष्मा, दिव्य चंगाई, परमेश्वरको शक्ति,

जस्तो मैले अहिले प्रचार गर्छु, त्यसबाट एक इन्च पनि कहिल्यै फरक छैन। परमेश्वरले त्यस बारेमा मलाई अझै धेरै प्रकट गरिदिनुभएको छ, ताकि, जसै उहाले यो प्रकट गर्नुहुन्छ, म केवल त्यसलाई प्रवचनमा ल्याईराख्छु। उहाले कहिल्यै पनि उहा के हुनुहुन्छ त्यो लिएर जानुहुन्न, उहाले केवल त्यसमा अझै धेरै थपिदिनुहुन्छ।

119 म त्यहाँ तल उभिरहेको थिए जहाँ लगभग पाँचसय जना मानिसहरु त्यस नदिको तिरमा उभिरहेका थिए, गाउदै थिए, “यर्दनको छालमय तिरमा म उभिन्छु, र आशापूर्ण आँखा लागुछु, कनानको सुन्दर र खुसीको देशमा, जहाँ मेरो अधिकार रहेको छ। म कहिले त्यो स्वास्थपूर्ण किनारमा पुग्नेछु र सदाको लागि क्रितज्ञ हुनेछु, म कहिले पुग्नेछु र मेरो पितासंग हुनेछु...र सदाको लागि विश्राम गर्नेछु?” जब तिनीहरुले त्यो गाउन थाले, म चाहि एउटा केटालाई नदिमा लाँदै थिए उनलाई प्रभु येशूको नाउँमा बप्तिष्मा दिलाउनलाई। मैले भने, “स्वर्गीय पिता, जसरी मैले यो केटालाई तपाई कहा ग्रहण गर्नको निम्ति ल्याएको छु...” त्यसबेलाको त्यो केटा र मेरो तस्बिर मेरो घरमै छ। मैले भने, “जब म उनलाई पानीले बप्तिष्मा दिलाउछु, प्रभु, उनको स्वीकारोक्तिमा, येशू ख्रीष्टको परमेश्वरको पुत्रको नाउँमा, तपाईले उनलाई पवित्र आत्माले भरिदिनुहोस।” र लगभग त्यो समयमा केहि बातासको रूपमा, र त्यो घुमाउरे बातासको रूपमा तल आयो, चहकिलो र बिहानीको तारा त्यहाँ खडा भयो। त्यहाँनिर त्यो ज्योति खडा भयो जुन तपाईले ठिक त्यो तस्बिरमा देख्नुहुन्छ त्यहाँ। त्यहाँ त्यो खडा भयो।

120 त्यो संसारको चारैतिर गयो, त्यहाँ क्यानडा र चारैतिर गयो। तिनीहरुले भने, “एउटा लोकल ब्यप्तिष्ट प्रचारकले बप्तिष्मा दिदैगर्दा एउटा रहस्यमय ज्योति उनी माथि देखा पर्यो।”

121 केहि दिन अगाडि, जब डक्टर लम्सा म कहाँ आउनुभयो, र कहिल्यै पनि त्यसको बारेमा थाहा पाउनुभएको थियन, र उनले मलाई एउटा तस्बिर ल्याए, जुन त्यो भाईसंग अहिले छ। के तपाईले त्यो तस्बिर पाउनुभएको छ? के तपाईसंग बाईबल छ, जुन त्यहाँ राखीएको थियो, त्यो तपाईको किताबमा छ? ठिक छ। त्यहाँनिर परमेश्वरको पुरानो प्राचिन हिब्रूको चिन्ह थियो, जुन ठिक अय्यूबको बेलामा हुने गर्थ्यो, जुन बाईबल लेखिएको समयभन्दा अगाडि थियो। परमेश्वर उहाको आफ्नो तिनओटा गुणहरु सहित, तिनपता

परमेश्वर होइन। एउटा परमेश्वर तिनओटा गुणका साथ। पिता, पुत्र, र पवित्र आत्मा, तिनओटा कार्यभार जसमा परमेश्वरले गर्नुभयो। तिनओटा परमेश्वरहरु होइन, तिन ओटा गुणहरु! र त्यहाँ त्यो थियो। अब त्यो महान् व्यक्ति, डक्टर लम्सा, जो लम्सा बाईनबलको अनुवादक हुनुहुन्छ, जब उहाले त्यस बिहानीमा भन्नुभयो। जब मैले उहालाई त्यो भने, मैले भने— मैले भने, "चिन्ह के हो?"

122 उहाले भन्नुभयो, "त्यो परमेश्वरको प्राचिन चिन्ह हो, जुन हिब्रूमा छ। परमेश्वर, एउटा परमेश्वर तिनओटा गुणहरुमा।"

मैले भने, "जस्तो कि पिता, पुत्र र पवित्र आत्मा?"

123 उँहा रोक्किनुभायो, र उहाले आफ्नो कफिको कप तल राख्नुभयो, उँहाले मलाई हेर्नुभयो। जिन, मलाई लाग्छ तपाई पनि त्यहाँ हुनुहुन्थ्यो, लियो। भन्नुभयो, "तपाईले त्यो विश्वास गर्नुहुन्छ?"

मैले भने, "मेरो पूरा हृदयले विश्वास गर्छु।"

124 उहाले भन्नुभयो, "गत राति, तपाईको सभामा उभिरहदा, भाई ब्रन्हाम, मैले त्यो हृदयको गुप्त कुरा जान्ने विवेक देखेको थिए। मैले यो मेरो भूमी, अमेरिकामा पहिले कहिल्यै पनि देखेको थिईन।" उहाले भन्नुभयो, "यी अमेरिकन मानिसहरुले बाईबल समेत जानेका छैनन्। केवल तिनीहरुले जानेका कुरा तिनीहरुका संगठित मण्डलीहरु हुन्। तिनीहरु यो समेत जान्दैनन् कि तिनीहरु उभिरहेका छन्।" भन्नुभयो, "तिनीहरुले केहि पनि जान्दैनन्।" उहाले भन्नुभयो, "तर जब म गएको राति त्यहाँ उभेको थिए," भन्नुभयो, "मैले भने..." अब, भाई जिन, म केवल यो कुरा सत्यनिष्ठ र प्रेमका साथ भन्छु। उहाले भन्नुभयो, "मैले भनेको थिए, 'त्यो एउटा अगमवक्ता हुनुपर्छ।' तर जब मैले यो देखे कि तपाईले पिता, पुत्र र पवित्र तिनओटा परमेश्वरहरु हुनुहुन्न भनि विश्वास गर्नुहुन्छ, त्यो गुणहरु थियो भनि, तब मैले जाने कि तपाई परमेश्वरको एउटा अगमवक्ता हुनुहुन्छ नभए त तपाईलाई त्यो त्यसरी प्रकास नै हुनेथिएन।" उहाले भन्नुभयो, "त्यो एउटा सिद्ध चिन्ह हो।" भन्नुभयो, "मैले कहिल्यै..." भन्नुभयो, "तपाई वान्नेस हो?"

125 मैले भने, "होइन, श्रीमान्, म वान्नेस होइन। म विश्वास गर्छु कि परमेश्वर नै सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ, र तिन गुणहरु केवल तिन कार्यभारहरु मात्र हुन् जसमा एउटा परमेश्वर रहनुभयो।"

126 उहाले भन्नुभयो, “तपाईको हृदयलाई आशिष होस्।” उहाले भन्नुभयो, “कुनै दिन तपाईले त्यसको लागि आफ्नो रगत पृथ्वीमा पोखाउनुहुनेछ, तर,” भन्नुभयो, “अगमवक्ताहरु सधै तिनीहरुको अभिप्रायले मर्दछन्।”

127 र मैले भने, “त्यस्तै नै हुन दिनुहोस्, यदि त्यसले मेरो परमेश्वरलाई खुसी बनाउछ भने।” लम्सा बाईबलको अनुवाद।

128 ओ, यो एकदम सत्य हो। कति धेरै पटक, जसरी मैले मण्डलीलाई भनेको छु, तिनीहरुले साऊललाई चुन्नुभन्दा अगाडि जसरी शामूएलले भनेका थिए, “तिमीहरु गएर कुनै संगठित संस्थामा मिल्नुभन्दा पहिले, र आफैलाई कुनै प्रकारको एउटा धर्ममा बान्नुभन्दा पहिले, किन तिमीहरु पवित्र आत्माले तिमीहरुलाई डोहोर्याउन दिदैनौ?” किन तिमीहरु आफ्नो लागि परमेश्वरलाई अगुवाको लिदैनौ र तिमीहरुलाई आशिष दिन दिदैनौ, र तिमीहरुको संगठित संस्थाको बारेमा भुल्दैनौ। अब, मैले यो भनिरहेको छुइना कि कुनै पनि मण्डलीको डिनोमिनेसनमा नाजोडिओ, तिमीहरु जुन मन पर्छ त्यसमा रहन सक्छौ। त्यो तिमीहरुमा भर पर्छ। तर म तिमीहरुलाई, एउटा व्यक्तिगत रुपमा भन्दैछु, तपाईहरु पवित्र आत्माले तपाईलाई डोहोर्याउन दिनुहोस्। तपाई बाईबल पढ्नुहोस्। र बाईबलले के भन्छ त्यहि गर्नुस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

129 र अब मैले लामो समय पर्खिएको छु। म सोच्छु कि यदि यहाँ कोहि हुनुहुन्छ जो प्रार्थनाको पंक्तिबाट भएर प्रार्थनाको निम्ति आउन चाहनुहुन्छ। यदि तिनीहरु हुनुहुन्छ भने, के तिनीहरुले हात उठाउनेछन्। केवल एक, दुइ, तिन। ठिक छ। तपाईहरु सबै ठिक यहाँ माथि आउनुहोस् र यदि तपाई चाहनुहुन्छ भने यहाँ खडा हुनुहोस्, यो समयमा, र—र हामी प्रार्थना गर्नेछौ। र त्यसपछि हामी...तबसम्म तपाईहरु गएको म चाहदिन। हामीले समापन गर्नुभन्दा पहिले म केहि कुरा यहाँ औपचारिक रूपमा गर्न चाहन्छु।

130 कतिजनालाई गलातीको पुस्तक अध्ययन गर्न मन पर्छ...ओ, मेरो मतलव एफिसीको पुस्तक? अब, बुधबारको रात, हामी छापतिर जानेछौ। र त्यसपछि अर्को आईतबारको बिहान, हामी पदिय हिसाबमा मण्डलीलाई स्थापित गरेको विषयमा जानेछौ। ओ, यदि...हामी सम्भावतः त्यहाँनिर जानेछु, यो आउने बुधबारको रातमा, तपाईहरु यहाँ जेफ्फ़मा (जेफरसनविल) भएका मानिसहरुको लागि। पदिय ढंगमा मण्डलीलाई स्थापित गर्ने जहाँ तिनीहरु हरेक हुनुपर्दछ। हामी कसरी अभिग्रहणद्वारा

बोलाईयौ। परमेश्वरले हामीलाई छोराहरुको निम्ति धर्मपुत्रमा ग्रहण गर्नुभयो, हामी जन्म देखिनै छोराहरु हौ। धर्मपुत्र पारिएको र पदिय ढंगले पवित्र आत्माद्वारा स्थापित गरिएको। हेर्नुहोस्! तिनीहरु सबैजना हिब्रूहरु थिए, जब तिनीहरुले नदि तरेका थिए, तर यहोशूले जमिनलाई विभाजन गरी हरेकलाई जन्मको समयमा तिनीहरुको आमाको कथन अनुसार जुन तिनीहरुलाई पवित्र आत्माले भनेको थियो, तिनीहरुको अधिकारको जमिन दिए।

131 याकूबलाई हेर्नुहोस् जब उनी मर्दैथिए, एउटा अगमवक्ता, अन्धो पारिएको, आफ्नो पाउ पलंग माथि पारे, भने, "ए याकूबका छोराहरु हो अगाडि आओ र म तिमीहरुलाई भन्ने छु कि अन्तिम दिनहरुमा तिमीहरु कहाँ हुनेछौ।" महिमा! ओ, मलाई थाहा छ कि म अनौठो देखिन सक्छु। मानिसहरु अनौठो देखिएला। तर, ओ, यदि तपाईले केवल निश्चितता जन्नुभाए मात्रै पनि, त्यो हृदयको जलन! "यहाँ आओ र म तिमीहरुलाई भन्नेछु कि तिमीहरु अन्तिम दिनहरुमा कहाँ हुनेछौ।" र म ती केहि धर्मशास्त्रको पद लिन सक्छु, र नक्सा लिएर यहूदीहरु आज कहाँ बसिरहेका छन् त्यो प्रमाणित गर्न सक्छु कि तिनीहरु ठिक त्यहि स्थानमा छन् जुन ठाउमा याकूबले तिनीहरु अन्तिम दिनहरुमा हुनेछन् भनि भनेका थिए। र तिनीहरु त्यहाँ कहिल्यै पनि पहिले पुगेका थिएनन्, कहिल्यै पनि त्यहाँ भेट्टाईएका थिएनन् जबसम्म तिनीहरु ७ मे, १९४६ मा फर्केका थिएनन्, र त्यहि रात परमप्रभुको स्वर्गदुत म कहाँ माथि त्यहाँ देखा पर्नुभयो र यो मिसनको लागि भन्नुभयो। र म त्यो तपाईहरुलाई देखाउन सक्छु, जब तिनीहरु त्यो नया भूमीमा आए, तिनीहरु ठिक त्यहि स्थानमा रोकिए जहाँ याकूबले तिनीहरु अन्तिम दिनहरुमा बस्नेछन् भनेका थिए। र आज तिनीहरु ठिक त्यहि निर बसिरहेका छन्। ओ, ओ, प्रभु! ओ, प्रभु! हामीहरु हाम्रो घर जानेदिनको नजिक छौ।

132 तपाईहरु प्रिय मानिसहहरु, तपाई बिमार हुनुहुन्छ, या नभए तपाई यतिकै यहाँ उभिनको लागि मात्रै उभिनु हुनेथिएन। म तपाईको भाई हुँ। मसंग परमेश्वरबाट को आज्ञा छ बिमारीहरुको निम्ति प्रार्थना गर्नको निम्ति। मेरो...म संग निको पार्ने शक्ति भएर होइन, मसंग छैन। तर मसंग प्रार्थनाको शक्ति छ। जसरी मैले यस बिहानीमा भनेको थिए, दाऊदसंग एउटा घुएत्रो बाहेक अरु केहि पनि थिएन, तर उनले भने, "म जान्दछु कि यस परमेश्वरको शक्ति हुदा यसले के गर्नसक्छ भनि।" बुझ्नुभयो? मैले केवल तपाईलाई

दिनलाई सानो प्रार्थना गर्न सक्छु, र तपाई माथि मेरो हात राख्नसक्छु, तर म जान्दछु कि परमेश्वरमा भएको विश्वासले के गर्नसक्छ भनि। त्यसले अरुको लागि गरेको छ, त्यसले तपाईको लागि पनि गर्नेछ। तपाई विश्वास गर्नुहोस् कि अहिले तपाई ठिक यहाँ कदम चाल्दा, त्यो ठाउको ठिक केहि नजिक हुनुहुँदा।

133 अब, म सोच्छु, यसलाई यति सफल बनाउन, म मेरो भाईलाई यहाँ आउनलाई आग्रह गर्छु र तेलद्वारा उहाहरुलाई अभिषेक गरिदिनुहोस्। के तपाई गर्नुहुन्छ, भाई नेभिल? म मण्डलीलाई प्रार्थनाको समयमा आफ्नो शिर झुकाउनलाई अनुरोध गर्दछु।

134 अब याद गर्नुहोस्, गत हप्ता जब म एकदम बिमार थिए त्यो पुरानो एरंडेल तेलले, म कसैलाई पनि त्यो दिने थिए यदि कोहि आएको भए र ममाथि हात राखिदिनुभएको भए। यदि कोहि मान्छे त्यसबेला आईदिनुभएको भए, र परमेश्वरले आशिष दिनुभएको थियो र सहायता गरिदिनुभएको थियो भने, म यति आभारी हुनेथिए। तपाई सबैले त्यहि महसूस गर्नुहोस् जस्तो मैले त्यसबेलामा गरेको थिए। तपाईले अहिले त्यहि महसूस गर्नुहोस् कि मैले तपाईलाई त्यहि गरेको चाहनुहुन्छ जस्तो मैले त्यस समयमा मलाई कसैले त्यसो गरेको चाहन्थे। परमेश्वरले मलाई कार्यबाट अलग हुनबाट रोक्नुभएको छ। चाहे म थकित होऊ, जहाँमा सुस्त हुन्दछु, जहाँ म एउटा ठाउबाट अर्को ठाउमा खुट्टा चाल्न पने नसक्ने अवस्थामा हुन्छु, तरै पनि म जान सकूँ, किनभने म तपाईहरु प्रत्येकलाई फेरी पनि भेट्ने छु, पारी त्यो भूमीमा।

135 तब तपाई वृद्धा माहिला, वृद्धा पुरुषहरु, टुक्रेका, सेतो कपाल भएका र पतन हुदै गएको, र टुक्रामा झर्दै गएको जस्तो एउटा गुलाफ सानो कोपिलाको लागि खुलेको बेलामा हुन्छ, आफ्नो पातहरु फैलाउदै गर्दा र झर्दै गरेको अवस्थामा, तपाई ठिक त्यसरी टुक्रामा आउदै हुनुहुन्छ, के तपाई हुनुहुन्न र त्यस्तो? त्यो ठिक हो। केवल...र एउटा मात्रै कुरा जुनको लागि तपाईहरु संगै रहन चाहनुहुन्छ त्यो परमेश्वरको महिमाको लागि चम्कनको लागि हो। त्यसैले जब शत्रुले तपाईलाई तानेर दौडेको छ, म परमेश्वरको घुएत्रो सहित आउदैछु, एउटा विश्वासको साथ, त्यो वरदानको साथ जुन परमेश्वरले मलाई दिनुभएको छ। यहाँ मैले के भन्छु, ताकि तपाईले त्यो बुझ्न सक्नुभएको होस्। मैले भनेको थिए, "यदि पत्रुस केवल भित्र आउछ या ती मध्ये कोहि आउछ।" त्यो नभन्नुहोस् कि तपाईले मेरो लागि

प्रार्थना गरिदिन पर्दैन। केवल यसरी नै भित्र आउनुहोस्, र भन्नुहोस्, जस्तो यस महिलालाई, भन्नुहोस्, "के तपाई बहिनी *फलाना–फलाना हुनुहुन्छ?"* तपाईको नाउँ के हो? बहिनी होवार्ड। भन्नुहोस्, "तपाई बहिनी होवार्ड हुनुहुन्छ, तपाई एउटा विश्वासी हुनुहुन्छ, बहिनी होवार्ड? तपाई विश्वास गर्नुहुन्छ। तपाई एउटा विश्वासी हुनुहुन्छ। तब, तपाईले देख्नुहुन्छ, तपाईसंग सबै उद्धारको आशिषहरु को हक छ।" तब म भन्नेथिए, "बहिनी होवार्ड, सबै कुरा ठिक हुनेछ," र जानुहोस्। ओ, कसरी...मैले भनेको थिए, "म चिच्याउनेथिए, म कराउने थिए।" मैले भन्ने थिए, "प्रभु, यो ठिक हुन पर्छ, यो केवल ठिक हुन पर्छ।"

136 र मैले सोचे, "ठिक छ, मानिसहरुले पनि त्यसरीनै सोच्दो रहेछन् जब म तिनीहरुको लागि प्रार्थना गर्न आउछु।" त्यसैले तपाईले बुझ्दै हुनुहुन्छ म के भन्न खोज्दैछु?

137 र म धेरै पटका परेको छु, धेरै पटक, र मानिसहरुलाई लिएर भएको छु, "ओ, अमूल्य बहिनी, के तपाई यो विश्वास गर्नुहुन्छ? ओ, के तपाई यो विश्वास गर्नुहुन्छ?" "प्रभु, ओ परमेश्वर, तिनीहरुलाई विश्वास गर्ने बनाईदिनुहोस्। यो विश्वास गर्ने तिनीहरुलाई बनाउनुहोस्।" "ओ, कृपया, के तपाई यो स्वीकार गर्नुहुनेछ अब?" त्यहि मात्रै होइन। म त्यसबाट भएर गएको छु। मैले त्यसबाट पार गरेको छु।

म केवल यो भन्छु, "बहिनी होवार्ड, के तपाई विश्वासी हुनुहुन्छ?"

"हो म हुँ।"

138 "ठिक छ, बहिनी होवार्ड, यदि तपाई एउटा विश्वासी हुनुहुन्छ भने, परमेश्वरसंग भएको सबै कुराको तपाई उत्तराधिकारी हुनुहुन्छ।" र मात्रै उहाको हात लिदछु। बुझ्नुभयो, म त्यो विश्वास गर्छु। म बहिनी होवार्डसंग मेरो हात उहामाथि राखेर सम्पर्क गर्छु। येशूले कहिल्यै पनि भन्नुभएको छैन, "तिनीहरुको निम्ति प्रार्थना गर।" उहाले भन्नुभयो, "केवल तिनीहरुको हात तिनीहरुमा राखिदेउ।" त्यहि नै हो, त्यसपछि उनी निको हुनेछिन्। उनले भन्न सक्छिन्, "सबै कुरा ठिक हुनेछ।" बहिनी होवार्ड। तब तपाई घर जान सक्नुहुनेछ र निको हुनुहुनेछ। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

139 तपाई बहिनी...[बहिनीले भन्नुहुन्छ, "ह्याम्पटन।"—सम्पा] बहिनी ह्याम्पटन, तपाई एउटा विश्वासी हुनुहुन्छ, होइन र? ["म हुँ"] उहाले

दिनुभएको सबै कुराको तपाई उत्तराधिकारी हुनुहुन्छ। तपाईसंग परमेश्वर रहनुभएको होस्, बहिनी ह्याम्पटन। तपाई घर जानुहोस् अहिले र निको हुनुहोस्। येशू ख्रीष्टले तपाईलाई निको पार्नुहुनेछ।

140 तपाई बहिनी...[बहिनीले बोल्नुहुन्छ—सम्पा।] स्लटर। तपाई नै हुनुहुन्छ जसको लागि हामीले अस्पतालमा प्रार्थना गरिदिएका थियौ। तपाई एउटा विश्वासी हुनुहुन्छ, त्यसो हो भने, बहिनी स्लटर, हामीले जे पनि माग्छौ त्यो सबैको उत्तराधिकारी हुनुहुन्छ। बहिनी स्लटर, तपाईले जे को लागि माग्नुभएको छ त्यो तपाईले प्राप्त गर्नुभएको होस्, र निको हुनुभएको होस्। परमेश्वरले तपाईलाई त्यो प्रदान गर्नुहुनेछ।

141 भाई, जिन, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई दिनुहुनेछ? [भाई जिनले भन्नुहुन्छ, "हो, श्रीमान्। हो श्रीमान्।"—सम्पा] र परमेश्वरले तपाईलाई ठिक त्यो कुरा दिनुभएको होस् जुन कुरा तपाईले माग्नुभएको छ भाई जिन...?...

142 म तपाईलाई चिन्छु। [बहिनीले बोल्नुहुन्छ—सम्पा] तपाई एउटा विश्वासी हुनुहुन्छ, बहिनी। ["ओ, हो।"] म तपाईलाई चिन्छु। यो तपाईको श्रीमान् हुनुहुन्छ त्यहाँ। उहालाई नै हो मैले त्यो तिनमा फोनबाट प्रार्थना गरिदिएको। मलाई त्यो याद छ। टुल्साको सभामा जान सक्नुभएन। सभामा आउनुभयो। र प्रभुले उहालाई निको पार्नुभयो, र सभामा पठाउनुभयो। प्रतिपत्रमा उहा कसैको लागि खडा हुनुभएको थियो। ["मेरो भतिजको लागि।"] ओ कति राम्रो इसाई कुरा थियो त्यो, बहिनी! बुझ्नुभयो? उहा प्रतिनिधि पत्रमा पनि हुनुहुन्थ्यो। उहा हामी सबैको निम्ति खडा हुनुभएको थियो। तपाई एउटा विश्वासी हुनुहुन्छ र परमेश्वरले प्रतिज्ञा गर्नुभएको सबै कुरामा तपाईको अधिकार छ। म उहाको दास हुँ। र येशू ख्रीष्टको नाउँद्वारा, म तपाईलाई त्यो दिन्छु जे तपाईले माग्नुभएको छ।["म विश्वास गर्छु।"]

143 आउनुहोस्, भाई निल। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। तपाईको निम्ति अत्यधिक असल हुनुभएको थियो। तपाई एउटा विश्वासी हुनुहुन्छ। म जान्दछु तपाई हुनुहुन्छ। म विश्वास गर्छु कि परमेश्वरले तपाईलाई सबै कुरा दिनुहुन्छ जुन तपाईले माग्नुभएको छ, किनकि तपाई एउटा विश्वासी हुनुहुन्छ। र उहाको एउटा दासको रूपमा, तपाईको अगाडि, मेरो भई, येशू ख्रीष्टको नाउँमा, म तपाईको हृदयको कुरा दिदछु। जानुहोस् र त्यो प्राप्त गर्नुहोस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

144 बहिनी ब्रुस, म तपाईलाई चिन्छु। त्यो सानी नर्स जसले मेरो हेरचाह गरिदिनुभएको थियो। उहा त्यहाँ तल नजिकै मोटेल जेजे, या केहि त्यस्तै ठाउबाट आउनुभएको हो। तपाई अरुको लागि खडा हुनुहुनेछ। र आज राति तपाईको पिताबाट तपाईले के चाहना गर्नुभएको छ? [बहिनी ब्रुसले भन्नुहुन्छ, "मेरो आफ्नै लागि, आज राति।"—सम्पा] तपाईको आफ्नै निम्ति, आज राति। [बहिनी ब्रुसले फेरी बोल्नुहुन्छ।] त्यसो हो भने, शत्रुले तपाईलाई चिकित्सकले गर्नसक्ने भन्दा बाहिर पुराएको छ, तर म तपाईको पछि आउदैछु, एउटा घुएत्रोको लिएर। र येशू ख्रीष्टको नाउँमा, म मेरो घुएत्रोको तिर त्यो चट्टानमा निर्देशित गर्छु जसले मृगौलालाई रोकेको अवस्थामा परेको छ। त्यसले तपाईलाई परमेश्वरमा फर्काएर ल्याउनेछ, उहाको घरमा ल्याउनेछ।

हामीले येशू ख्रीष्टको नाउद्वारा तपाईले मागेका छौ। आमेन।

145 के तपाई यो व्यक्ति को पिता हुनुहुन्छ, श्रीमान्? तपाई के एउटा विश्वासी हुनुहुन्छ? [भाईले बोल्नुहुन्छ—सम्पा] तपाईको एकतर्फि अन्डकोष सानो; र तपाइको देब्रे पट्टि, के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले त्यो तपाईलाई दिनुहुनेछ, श्रीमान्, र उहाको दासको रूपमा?

146 प्रभु, यी हातहरुले शायद धेरै कठिन कार्यहरु गरेको छ। यहाँ एउटा उदेश्यले आउनुभएको छ, केहि गर्नको लागि। यो दिनुहोस्, उहाको हृदयको चाहनाहरु, पिता, जस्तो म येशू ख्रीष्टको नाउँमा प्रार्थना गर्छु कि तपाईले गर्नुहुनेछ। आमेन।

147 संका नगर्नुस्। तपाईको त्यो अन्डकोषले त्यहाँ तल दुख्नबाट बन्द गर्नेछ, र तपाई ठिक हुनुहुनेछ। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस् भाई।

148 [एउटा बहिनीले भन्नुहुन्छ, "मेरो शिर दुक्छ र घाटी दुक्छ। मेरो करंग दुक्छ जब म खोक्छु। म गाउन सक्दिन। म केहि गर्नसक्दिन। म...?...र म धेरै सुत्न पनि सक्दिन। केहि नै गर्नसक्दिन।"—सम्पा] तपाई एउटा विश्वासी हुनुहुन्छ, होइन र? ["म हुँ। म पवित्र आत्माद्वारा भरिएको छु"] तपाई एउटा विश्वासी हुनुहुन्छ। [म जान्दछु परमेश्वर म भित्र वास गर्नुहुन्छ।"] र तपाई यी सबै आशिषहरुको उत्तराधिकारी हुनुहुन्छ। ["म जान्दछु। र म विश्वास गर्छु। म तपाईको प्रार्थनामा विश्वास गर्छु, भाई ब्रन्हाम। म विश्वास गर्छु

कि परमेश्वरले मलाई निको पार्नुहुनेछ। म विश्वास गर्छु कि उहाले तपाईको प्रार्थनाहरुको उत्तर दिनुहुन्छ।"] धन्यवाद तपाईलाई।

149 पिता, म तपाईकहाँ मेरी बहिनी ल्याउदछु, यो आगोको पंक्तिमा, तपाईको निशानाको केन्द्रमा ल्याउदछु। र म उहालाई तपाईमा शत्रुको पन्जाबाट फर्काएर ल्याउदछु, येशू ख्रीष्टको नाउँमा। आमेन।

150 त्यो त्यहि तरिकामा हुनेछ। [बहिनीले भन्नुहुन्छ, "हो, भाई ब्रन्हाम।"—सम्पा]

151 [एउटा बहिनीले भन्नुहुन्छ, "...?...मेरो फोक्सो मर्दै गैरहेको छ, र एउटा मरिसकेको छ।"—सम्पा] फोक्सोको शैल्यक्रिया।

152 ओ प्रभु, जसरी यो जवान युवती यहाँ खडा हुनुहुन्छ, यद्धपि आफ्नो जवानी नवयौवनमा हुनुहुन्छ, म उहाको निम्ति प्रार्थना गर्दछु। र फोक्सो जुन निकाल्नु पर्नेछ, र उनको बाकि रहेको जिन्दगी झुकेर चल्नुपर्ने हुन्छ। तपाई हाम्रो पिता हुनुहुन्छ, र म चाहना गर्छु कि प्रार्थनाको आगो ठिक यो बहिनिमा परको होस्, प्रभु, ठिक सिधा त्यो फोक्सोमा परेको होस्। म यी प्रार्थना येशू ख्रीष्टको नाउँमा पठाउदछु। यस प्रार्थनाले त्यो फोक्सोले हानेको होस् र निको पारेको होस्। म यो येशू ख्रीष्टको नाउँमा माग्दछु। आमेन।

153 तपाई बहिनी...[बहिनीले भन्नुहुन्छ, "बहिनी गिब्स।"—सम्पा] बहिनी गिब्स। ["ठिक शिरमा, र त्यो दुखिरहेको छ।"] ठिक छ। तपाईको शिर म द्वारा खिचेको छु। तपाई एउटा विश्वासी हुनुहुन्छ र परमेश्वरको सबै आशिषहरुको उत्तराधिकारी हुनुहुन्छ बहिनी गिब्स।

154 प्रभु, म उहालाई तपाईकहाँ यो एउटा सानो घुएत्रो सहित ल्याउदछु जुन तपाईले मलाई दिनुभयो, जसरी तपाईले दाऊदलाई एउटा घुएत्रो दिनुभयो, उनको पिताको भेडाको हेरचाह गर्नको निम्ति। र यदि शत्रु भेडाको पछि पर्यो भने ऊ डराउदैन थियो। उनले त्यो सानो घुएत्रो तानेर ठिक त्यो सिंह र भालूकहाँ गएको थियो, र उनले भेडा फर्काएर ल्याएको थियो। यो एउटा विश्वास प्रार्थना हो। तपाईले मलाई भन्नुभएको थियो यदि मैले "मानिसहरुलाई विश्वासमा ल्याउनसके र इमानदार भए भने।" म आजराति बहिनी गर्टलाई फर्काएर ल्याउदछु। मैले उहालाई शत्रुको हातबाट तानेर ल्याए। उहा तपाईको भेडा हुनुहुन्छ। म उहालाई फर्काएर पिताको घेरामा ल्याउदछु, येशू ख्रीष्टको नाउँमा। आमेन।

155 [एउटा बहिनीले भन्नुहुन्छ, “बहिनी लोअ।”—सम्पा।] बहिनी लोअ। [“मलाई रक्तछाप छ।”] उच्च रक्तछाप छ। र तपाई एउटा विश्वासी हुनुहुन्छ, के तपाई हुनुहुन्छ, बहिनी लोअ? सबै आशिषहरुको अधिकारी हुनुहुन्छ।

156 त्यसोभए, पिता, परमेश्वर, म यो प्रार्थना आजाराती, परमेश्वरको घुएत्रोद्वारा, बहिनी लोअको उच्च रक्तछाप तर्फ निशाना लगाउछु। र हुनसकोस् कि अर्को पटक चिकित्सकले रक्तचाप जाँच्दा, उहाले बहिनीलाई हेरेर भनेको होस्, “यो सामान्य भएको छ अहिले।” उहाले जान्नुभएको होस् कि यो के ले भयो। येशू ख्रीष्टको नाउँमा, म यो उहालाई दिनेछु। आमेन।

157 [एउटा भाईले भाई ब्रन्हामसंग कुरा गर्नुहुन्छ—सम्पा।] हो। म आशा थियो कि मेरो बाबा आज राति हुनुभईदिएको भए, म उहाको निम्ति प्रार्थना गरिदिनसक्थे। म तपाईको बाबाको निम्ति चाहि गरिदिनेछु। म बुझ्छु।

158 स्वर्गीय पिता, त्यो व्यक्ति जसले यो केटालाई जन्म दिनुभयो, कि उहा आज राति यस पृथ्वीमा उहाको कारणले हुनुहुन्छ। र उहाको आफ्नै छोरा चाहन्छन् कि उनको पिता फर्काएर ल्याईएको होस्; त्यस पापको संसारबाट, रक्सीको लतबाट फर्काएर ल्याईएको होस्। ओ प्रभु, म यो प्रार्थना विश्वासका र ताकतको साथ पठाउछु, र मेरो पूर्ण सामर्थ्यका साथ फाल्न चाहन्छु, यो सानो पत्थरको साथ, प्रभु येशूको नाउँमा। म यो घुएत्रोले त्यस दुष्टलाई हान्न चाहन्छु जसले ती कुराहरु त्यहाँ राखिदियो। र त्यसले छोडेको होस्। र उहा घेरामा सुरक्षित साथ आउन सकेको होस्, येशूको नाउँमा। आमेन।

159 [एउटा भाईले भन्नुहुन्छ, “मेरो निम्ति प्रार्थना गरिदिनुहोस्, भाई ब्रन्हाम, पवित्र आत्मा पाउनसक्नको निम्ति। म पवित्र आत्मा प्राप्त गर्न चाहन्छु। मैले पाउनुपर्छ। ममा एउटा चाहना छ। मैले पवित्र आत्मा प्राप्त गर्नुपछ।”] तपाईले यो प्राप्त गर्ने इच्छा छ। तपाई त्यो भूमीमा आउन चाहनुहुन्छ जहाँ सबै प्रतिज्ञाहरु छन्। [“हो।”]

160 र अब, प्रभु, यो केटा केवल नदिको पारी छ, अर्को तर्फ बसेको छ, र यर्दन सुन्निएको छ। र त्यो पार गर्ने उसको लागि कुनै पनि उपाय छैन जबसम्म तपाईले यहोशू र इस्राएलीहरुको लागि एउटा बाटो बनाएको जसरी उनको निम्ति बाटो खोलिदिनुहुन्न। र, पिता, म तपाईलाई माग्दैछु, तपाईको एउटा दासको रुपमा, हाम्रो अमूल्य भाईलाई, ओ परमेश्वर, उहालाई तपाईको प्रतिज्ञाको देशमा, यो प्रतिज्ञाको देशमा प्रवेश हुन दिनुहोस्। कि,

अर्को तर्फ, जसरी म त्यस दिनमा उठाएर लागिएको थिए, मसंग उहालाई त्यहाँ लाने र आफ्नो हातहरु त्यस अर्को देशमा उहालाई यसो भन्दै अंगाल्नको निम्ति सौभाग्य भएको होस् कि, “मेरो अमूल्य भाई।” यो प्रदान गर्नुहोस्, प्रभु। उहाले परमेश्वरको प्रतिज्ञा, पवित्र आत्मा प्राप्त गर्नुभएको होस्, आमेन।

161 ओ प्रभु, यसमा, मेरो दयालु भाई; यो हात जो म प्रति दयालु भएको छ, र मेरो निम्ति धेरै चीज गर्नुभएको छ, जुन नभनिएका कुराहरु छन्। उहाले विश्वास गर्नुहुन्छ र मनमा विश्वास राख्नुभएको छ। र अहिले शत्रुले यो विश्वास खोस्न खोजेको छ, मेरो मित्र; चिनी; र त्यसले यो सोच्नुहुन्छ कि त्यसले—त्यसले यो केटालाई खोस्न सक्छ। तर म यसको पछि औंदछु। म आउदैछु, तपाईको आफ्नैलाई फर्काएर ल्याउनको लागि, प्रभु, यो चट्टानलाई शून्य विश्वासको साथ घुएत्रो हल्लाउदै। येशू ख्रीष्टको नाउमा म त्यस चिनी मधुमेहलाई हान्दछु!...?...मेरो भाई। तपाईको आफ्नै भेडी गोठमा भेडालाई ल्याउदै, पिता, येशूको नाउँमा। आमेन।

[बहिनी बेल भाई ब्रन्हामसंग कुरा गर्नुहुन्छ—सम्पा।]

162 ओ प्रभु, हाम्रो बहिनीले जान्नुहुन्छ कि यो अत्याधिक वजन, त्यसैले डाक्टरले भन्छन्, अत्याधिक वजनले तपाईलाई मार्नेछ। “हरेक पाउण्ड, अत्याधिक वजन, बिमा तिथीपात्रो अनुसार एक वर्ष लाग्छ।” र उहा परमेश्वरलाई आदर र महिमा दिनको लागि जिउन चाहनुहुन्छ। र त्यहाँ कुनै डाक्टर छैन जसले यो ठिक पार्न सक्छ, पिता, परमेश्वर। यो केवल तपाईको हातमा छ। र बहिनी बेल अत्यन्त विश्वासयोग्य रहनुभएको छ। र उहा परिक्षाहरुबाट भएर जाँदा दयालु र विचारशिल हुनुभएको छ। उहा धेरै गहिरो परिक्षाहरुबाट भएर जानुभएको छ। म उहाको निम्ति आज राति आउदछु, प्रभु। म त्यस पारी रहेको शत्रूलाई भेट्न आउदछु। मैले लक्ष्य गर्नसक्नेसम्मको ती सबै सटिकताका साथ म लक्ष्य गर्दछु। येशू ख्रीष्टको नाउँमा म त्यस शत्रू तर्फ यो विश्वासको पत्थरले हान्दछु जसले उहाँलाई समातेको छ। यसले त्यसलाई तितर बितर पारेको होस्, र उँहाबाट त्यसलाई भाग्ने बनाएको होस्, उँहालाई त्यस हरियो खर्क र त्यस स्थिर पानीमा फेरी पनि येशू ख्रीष्टद्वारा पुनर्स्थापित गरेको होस्। आमेन।

यस्तैनै हुनेछ बहिनी बेल। केवल संका नगर्नुस्।

163 बहिनी स्पेंसर। [बहिनी स्पेंसरले भन्नुहुन्छ, "भाई, भाई बिल, म परमेश्वरलाई हरेक दिन म जिउदा प्रेममा अगि बढ्दै जिउदछु। र म यहाँ आएको बिस वर्ष भईसकेको छ, यो ठाउँमा। र मलाई दुख दिएको हरेक कुराले लगभग म सबै कुराबाट निको भएको छु। तपाईले ती सबै कुरा सम्झन सक्नुहुन्छ, र...?..."—सम्पा] मलाई निश्चय नै थाहा छ, बहिनी...?... ["र उहाले मलाई धेरै आशिष दिनुभएको छ! र म मेरो जीवनको हरेक दिन उहालाई अझै बढि प्रेम गर्छु। म जान्दछु कि प्रभुमा मेरो अद्भुत जीवन छ।"] म त्यो विश्वास गर्छु, बहिनी स्पेंसर। ["म खुसी छु, म खुसी छु! यदि मसंग भएको यो पवित्र आत्मा नभए, म—म अझै पनि वेदिमा ती सबै कुराको छु जुन कुरा परमेश्वरले मलाई दिन चाहनुहुन्छ। र म वेदिमा नै मर्दैछु।"] आमेन। ["यहि नै त्यो ठाउँ हो जहाँ म येशूसंग वेदिमा मर्नको लागि ढोकाको घुंडी चाहन्थे।"] आमेन। परमेश्वर उँहालाई यो प्रदान गर्नुहोस्। आमेन। ["र म तपाईलाई भन्न चाहन्छु कि तपाईले मेरो निम्ति के गर्नुहोस् भनि। र ठिक त्यो बाटोमा मेरो पूरा परिवार लिईयो। तर म मेरो पूरा परिवार चाहन्छु, तपाईलाई थाहा छ।"] म बुझ्छु। ["म मेरो प्रिय व्यक्तिहरु बाचेको चाहन्छु।"] तपाईको छोराछोरीहरु। त्यो सहि हो। ["र मेरो छोराछोरीहरु।"] हो, म्याम। ["र मेरो घर परिवार।"] हो, श्रीमान्। मलाई यो थाहा छ। ["ममा एउटा भाव छ कि तिनीहरु सबै ठिकै छन्।"] हो। ["तपाईले हाम्रो निम्ति प्रार्थना गरिदिनुभएको थियो।"]

164 हामीहरु सबै बहिनी स्पेंसरसंग परिचित छौ, र यो जान्नुहोस् कि कसरी उनी र भई जेस त्यस कठिन समय भएर आउनुपर्दा कुनै न कुनै तरिकाले रुक्नु भएको थियो, तर त्यहाँ मण्डलीद्वारा यहाँ आए। जब म त्यो पारीको देशमा पुग्नेछु, तिनीहरु यसरी डगमगाउने छैनन्। तिनीहरु जवान हुनेछन्। ओ! भाई जेस, यदि मैले केवल...?...तपाई जान्नुहुन्छ। र त्यसपछि तपाईहरु सबैले जान्नुहुन्थ्यो कसरी, केवल—केवल पारी त्यो सानो... पारी, तपाई फेरी फर्केर त्यस जवान केटिमा जानुहुनेछ, र भाई जेस जवान केटा हुनुहुनेछ। परमेश्वरले तपाईलाई त्यो प्रतिज्ञा गर्नुभएको छ।

165 अब, हेर्नुहोस्। म तपाईलाई केवल सानो थोरै शिक्षा दिन चाहन्छु, तपाई यहाँको अन्तिम भएको हुनाले। म दिन चाहन्छु।

166 किनकि, म जान्दछु कि यो तपाईको सानो छोरा हुनुहुन्छ, चार्ली। जसको निम्ति प्रार्थना गरिदिएको तपाई चाहनुहुन्छ? [भाई चार्लीले

भन्नुहुन्छ, "हजुर।"—सम्पा]

167 म यो एउटा कुरा भन्न चाहन्छु। के तपाईले कहिल्यै धर्मशास्त्र पढ्नुभएको छ जहाँ बाईबलले यसो भनेको छ? पावलले रोमी अधिकारीलाई भनेका थिए।

के तपाईहरुले मलाई ठिकसंग सुन्न सक्नुभएको छ? [सभाले भन्छ, "आमेन।"—सम्पा।]

168 रोमीलाई यसो भने, जब उनले आफ्नो तरवार निकाले, आफैलाई मार्नको निम्ति, त्यहाँ फिलिप्पीमा जब ऊ झ्यालखानामा थिए। र भूकम्पले झ्यालखानालाई त्यहाँ तल हल्लायो। उनले भने, "प्रभु येशू ख्रीष्टमा विश्वास गर, तिमी र तिम्रो घरपरिवारको उद्धार हुनेछ।" के तपाईले कहिल्यै त्यो सुन्नुभएको थियो? [सभाले भन्छन्, "आमेन।"—सम्पा] "तिमी र तिम्रो घर।" ["आमेन"] अब, हेर्नुहोस्। यदि तपाईसंग आफ्नै मुक्तिको लागि पर्याप्त विश्वास छ भने, के तपाईमा आफ्नो घरको लागि पनि पर्याप्त विश्वास हुनसक्दैन र? ["आमेन"] परमेश्वरले कुनै न कुनै तरिकाले त्यो पुरा गर्नुहुनेछ।

169 र, प्रभु म बहिनी स्पेंसर र भाई स्पेंसरको लागि आज राति प्रार्थना गर्दछु, कि प्रत्येक बालक, उहाहरु र उहाहरुका छोराछोरीहरु सबै जना त्यो महिमामय, खुसीको देशमा हुनेछन् जहाँ कुनै विमार वा कुनै बुढेसकाल हुनेछैन, कुनै दुख वा कुनै उदासिनता हुनेछैन, र सबै यी सानो जीवन यहाँको एउटा डरलाग्दो कुरा जुन निस्तार भएको छ त्यसैमा नै विलय हुनेछ। यिनीहरुले यी सबै प्राप्त गरेका होऊन्, र उँहाको सबै छोराछोरीहरु, र उँहाको श्रीमान् र प्रियहरु र तिनीहरु सबै जसले उँहालाई प्रेम गर्छन् र ती सबै जसलाई उँहाले प्रेम गर्नुहुन्छ, तिनीहरु सबै उँहासंग त्यहाँ हुन सकेका होउन्, येशूको नाउँमा। आमेन।

170 [बहिनी स्पेंसरले भन्नुहुन्छ, "आमेन। धन्यवाद।"—सम्पा] तपाईलाई परमेश्वरले आशिष दिनुभएको होस्। ["म चाडै नै बयास्सी बर्षको हुनेछु।"] बयास्सी बर्सको। ["...?...तर तिनीहरु यस उमेरमा कम्जोर भईसकेका हुन्छन्। तर म त अझै पनि मेरो पकाई, तुल्याई, लुगा धुने, र स्त्री लगाउने र घर सफाई गर्ने गर्छु।"] ठिक त्यस्तै जस्तो संसार पतन भईरहेको छ, बहिनी स्पेंसर। ["हो, यो हुदैछ। म अति थकित हुन्छु, हरेक समयमा। तिनीहरुले...मैले मेरी आमालाई सोधे, मेरी सौतेनी आमालाई, जो नब्बे

वर्षको हुनुहुन्थ्यो, कि तपाईलाई कस्तो महसूस हुन्छ जब तपाई बृद्धा हुनुभयो, त्यो धेरै समय अगाडि सोधेको थिए। उनले भन्नुभएको थियो, 'रोज, हुनसक्छ कि तिमी हरेक समय थकित हुन्छौ।' म थकित छु।"] ठिक छ, तपाई केवल विश्राममा जानलाई तयार हुनुहुन्छ, तपाईले बुझ्नुभयो। ["म यति थकित छु, हरेक समय त्यस्तै छु। मलाई आराम चाहिन्छ। मलाई त्यो आवश्यक छ।"] हो, म्याम। ["र म परमप्रभुमा विश्राम गर्न चाहन्छु, तल मेरो घुडामा भएर। सबैकुरा, सबै कुरा जुन मलाई चाहिन्छ।"] हो। केवल तपाईको विश्वास ठिक उँहामा राख्नुहोस्, बहिनी स्पेंसर, र तपाई पारी जानुहुनेछ। ["म वेदिमा येशूको नाउँमा मर्न चाहन्छु। उँहा नै हुनुहुन्छ जसलाई म देख्न चाहन्छु, तबसम्म जबसम्म उहाले बोलाई रहनुहुन्छ।"] र उहाले भन्नुभयो...["म ती सबै कुरा चाहन्छु जुन उँहाले मेरो निम्ति राखीदिनुभएको छ।"] र जत्ति पक्का रूपमा म खडा छु त्यत्तिकै रूपमा, आज राति, बहिनी स्पेंसर, उहाको कृपाद्वारा म तपाईलाई र जेसलाई त्यहाँ सिमा पारी देख्नेछु, जवान र स्वस्थ देख्नेछु। तपाईहरु सबै दौडिरहेको र रमाएर कराईरहेको हुनेछ, "मेरो भाई, मेरो भाई।" ["हो"] म तपाईलाई देख्नेछु।

उहाको नशाहरु।

171 पिता, परमेश्वर, यो केटिलाई एउटा ब्रेकडाउन भएको छ र उनी औषधीको पहुँचमा छैनन्। त्यहाँ केवल उनी छन्, जसलाई यसले बाधा दिएको छ। तर म आजराति उनको निम्ति आउदछु। म तपाई कहा आउदछु पिता। म तपाई मैले चलाउन पर्ने गोलि निम्ति निर्देश गर्नुहोस् भनि आउदछु। यो पूर्ण रूपमा शून्य पारिएको होस्, त्यो क्रस कपाल जुन ठिक उनको पछाडि ढाँडमा छ। हुनसकोस कि यो प्रार्थना येशू ख्रीष्टको नाउँमा, त्यो अधीरतालाई हानेको होस् र टुक्रा टुक्रामा च्यातिदिएको होस्, यस भेडालाई परमेश्वरको खर्कमा ल्याएको होस्। आमेन।

यो केवल त्यस्तै हुनुपर्नेछ, प्रिय।

172 [बहिनीले भन्नुहुन्छ, "केवल प्रार्थना गरिदिनुहोस्। मेरो छ जना बच्चाहरु छन् जसलाई परमेश्वरले चंगाई गरी बचाईदिनुभएको होस् म माग्दछु।"—सम्पा।]

173 स्वर्गको परमेश्वर, यो प्रदान गर्नुहोस् कि, उहाको छ ओटा बच्चाहरु जो बचेको होस् भनि उहा चाहनुहुन्छ। उँहाले आफ्नो छ ओटा छोराछोरी चाहनुहुन्छ, पिता। हुनसकोस् कि उहाले तिनीहरुलाई पाएको होस्।

हुनसकोस् कि तिनीहरुले उँहालाई त्यहाँ त्यस देशमा भेटेका होउन् जहाँ कुनै रात हुदैन, सुरक्षित रूपमा रक्षा गरिएको, र येशू ख्रीष्टको रगतले आश्रित गरिएको। आमेन।

तपाईले तिनीहरुलाई पाउनुभएको होस् बहिनी, यहि नै मेरो प्रार्थना छ।

[एउटा बहिनीले भाई ब्रन्हामसंग कुरा गर्नुहुन्छ—सम्पा।]

174 म तपाईलाई विश्वास गर्छु। त्यहाँ कुनै कुरा छैन जसले गाह्रोसंग मद्दत गर्नसक्ला। तिनीहरुले एउटा सानो कुरा तिनीहरुलाई दिन्छन् जुन यस्तो देखिन्छ, ओ, केहि असिटमिन जस्तो औषधी दिन्छन्। त्यो एउटा कोर्टिसन हो, तिनीहरुले त्यो भन्दछन्। जसले, जसले तपाईलाई झन्डै झन्डै मार्छ। त्यसले तपाईको रगतलाई पातलो बनाउछ। तर हेर्नुहोस्। हेर्नुहोस्, गठिया एउटा सिंह जस्तो हो जसले भेडालाई समातेर त्यहाँबाट धेरै टाढा भागिसकेको छ। अब, घुएत्रोले के गर्छ? ओ, प्रभु! त्यहाँ एउटा ठूलो, गर्जिरहेको सिंह एउटा थूमा समातेर बसेको छ। र त्यसले थूमा मन पराउछ, त्यसैले त्यो थूमा पक्रेर भागेको छ। तर दाऊदले घुएत्रो लिएर त्यसको पछि गयो। बुझ्नुभयो? अब हेर्नुहोस्। उनी संग पाँच ओटा पत्थर थियो: एफ–ए–आई–टि–एच, आफैमा विश्वास थियो, उनको हातको घुएत्रोमा *यो* हातमा: जे–ई–एस–यु–एस, येशू थियो। त्यसले हान्दा त्यो त्यहि मर्यो। केहि हुन पर्नेछ। आउनुहोस् त्यो गठियाको पछि जाऔ, आज राति, यो प्रार्थनाद्वारा। परमेश्वरले तपाईलाई दिनुभएको होस्।

175 [बहिनीले भाई ब्रन्हामसंग कुरा गर्नुहुन्छ—सम्पा।] उँहा बप्तिष्मा नाउँमा लिन चाहनुहुन्छ? ["होइन, होइन उहाले त्यो भन्नुभएको होइन।] तपाईले चाहनुहुन्छ उहाले बप्तिष्मा लिएको। ["यो मेरो चाहना हो उँहाले बप्तिष्मा लिएको हेर्ने।"] धन्यवाद तपाईलाई, बहिनी। किनभने त्यो—त्यो तरिका होइन। यो किनभने...अब, यदि त्यो बाईबलमा भईदिएको भए, किनकि, "पिता, पुत्र र पवित्र आत्मा," म—म त्यो विश्वास गर्ने थिए, म ठिक त्यो संग रहनेथिए बहिनी। म कुनै तरिकाले भिन्न हुन चाहन्नthe। म—म पनि उहि नै चाहन्छु। म हुन दिने थिईन...म—म आफै त्यसको लागि जिम्मेवार हुनेछु, तपाईले बुझ्नुभयो। र मैले त्यहि नै तरिकामा बन्नुपर्छ जस्तो *त्यसले* भन्छ; अलग हुने होइन, तर इमान्दार हुने।

176 अब, पिता, हामी उँहाको प्रियहरुको निम्ति आउदछौ। जसलाई गठिया भएको छ, र यहाँनिर उँहा हुनुहुछ जसले प्रभु येशूको नाउँमा बप्तिष्मा भएको

चाहनुहुन्छ, किनकि त्यो नै प्रवेशद्वार हो। त्यो खुला द्वार हो। त्यहि नै हो जहाँ यहोशूले त्यो मार्ग खोलेका थिए जसले त्यस प्रतिज्ञाको देशमा पार् गर्यो। त्यहाँनिर कुनै दुइटा वा तिनटा ठाउहरु खोलिएको थिएन, त्यहाँ केवल एउटा थियो।

177 पेन्टिकोष्टको दिनमा पत्रुसले, जब त्यहनिर पहिलो पटक मण्डली उद्घाटन भएको थियो, एउटा मार्ग खोलियो, तब उनले भनेका थिए, "तिमीहरु प्रत्येकले पश्चाताप गर र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेओ।" तिनीहरु कहिल्यै पनि त्यो उहि मार्गबाट भिन्न थिएनन्, हरेकले प्रतिज्ञाको देश पारी गए।

178 ती मध्ये केहि त्यस पारी जाने कोशिष गर्दै थिए, त्यहाँ तल अर्को नदिमा, र पावलले उनलाई भने, "तिमीहरुको बप्तिष्मा के मा भएको थियो? तिमीहरु कहाँ तर्न कोशिष गरिरहेका छौ।"

र तिनीहरुले भने, "यहाँ तल जहाँ यूहन्नाले हेरेका थिए।"

179 उनले भने, "ठिक छ, यूहन्नाले त केवल समय र स्थानलाई देखाईरहेका थिए।" र जब तिनीहरुले यो सुने, तिनीहरु ठिक नदिमा बप्तिष्मा भए। र तिनीहरु पारी गए, तिनीहरुले पवित्र आत्मा राम्ररी प्राप्त गरे।

180 हाम्रो बहिनी र उहाको प्रियहरु लाई त्यहि प्रदान गर्नुहोस्, येशू ख्रीष्टको नाउँमा। आमेन।

181 भाई लाईल। [भाई लाईलले भन्छन्, "म विश्वास गर्छु कि तपाईनै वास्तविक ठिक मूख्य हुनुहुन्छ, भाई ब्रन्हाम।"—सम्पा।] ओ, भाई! ["हिडेर माथि आउनुभयो...?...तपाईले याद गर्नुहुन्छ यदि त्यहाँ सपनामा, त्यहाँ केहि आएको थियो...?...यदि तपाईले सपनालाई उल्लेख गर्नुहुन्छ भने, त्यो सबै ठिक छ। त्यहि नै एउटा थियो जुन मसंग थियो। कहाँ, तपाईले सधै सपना देख्नुभएको छ त्यो ठिक छ!...?..."] हो। त्यो केहिबेरको थियो। ["हो।"] हो। म खुसी छु...?...परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। तपाई अब प्रतिज्ञाको देश तर्फको सडकमा हुनुहुन्छ! हुनसक्छ म त्यो उल्लेख गर्नेछु।

182 कति जनाले सम्झनुहुन्छ कि ठिक यो सेवकाई मलाई पुष्टि गर्नुभन्दा पहिले, र एक दिन एउटा मान्छेसंग माछा मार्दै गर्दा, त्यहाँ तल एउटा नदिमा, त्यो तलाउमा? र मैले सानो माछाहरु पक्रिदै थिए र म माथि पवित्र आत्मा आयो। त्यहाँनिर एउटा...यो मान्छे एउटा यहोवाको साक्षी थियो।

उहाको भाई यहि कतै हुनुहुन्छ, ब्यांक्स वूड। उहा यतै कतै हुनुहुन्छ, उँहा मेरो छिमेकी हुनुहुन्छ।

183 यो लाईल हुनुहुन्छ। र यी मानिसहरु यहोवाका साक्षीहरु हुन्। र तिनीहरुले एक दिन त्यहाँ तल हामीले माछा मारिरहेको बेलामा भने, यो केटा परिवर्तन भए पश्चातको कुरा हो, मैले उहालाई भने कि त्यहाँ उनको जीवन केहि त्यस्तो छ, र के—के घट्न गयो, र ती सबैको विषयमा थियो। जुन, उँहाले मलाई भर्खरै भन्नुभयो, र उनी भर्खरै आफ्नो जीवनबाट बाहिर आएका छन्, त्यो ठिक हो, जे जस्तो पनि त्यो थियो। त्यो ठिक तरिकामा सहि हो। उँहाको पिता नै हुनुहुन्थ्यो जो पढ्ने व्यक्ति हुनुहुन्थ्यो। के बाबा आज राति यहाँ हुनुहुन्छ, बिल्ली? [कसैले भन्नुहुन्छ, "थाहा भएन।"—सम्पा] र उँहा र उँहाको श्रीमती दुवैजनाको बप्तिष्मा भयो, येशू ख्रीष्टको नाउँको साक्षी दिनको लागि, यहाँको पानीको पुलमा। र यो व्यक्ति एकदिन म संगै बसिरहेको थियो।

184 ब्यांक्स, तपाई कहाँ हुनुहुन्छ? के उँहा आज राति यहाँ हुनुहुन्छ? [कसैले भन्नुहुन्छ, "ठिक त्यहाँ कुनामा त्यहाँ पछाडि।"—सम्पा] पछाडि कुनामा। हो।

185 र हामीहरु माछा मार्दै थियौ। र, भाई, मेरो सानो केटाले मारेको थियो...मैले सोचेको थिए कि उसले एउटा बिरालोको बच्चा मार्यो, केहि दिन पहिले हो। त्यो सानो बुढी आमा बिरालोको एउटा बच्चाको झुण्ड थियो, र उसले त्यो बोक्यो र त्यसलाई भुइमा खसाल्यो। मैले सोचे कि...मैले भने, "परमप्रभुले त्यो सानो जीवनलाई उठाउनुहुनेछ," एक दिन पहिले। के त्यो ठिक हो, लाईल? [भाई लाईल वूडले भन्नुहुन्छ, "हो।"—सम्पा] त्यो सानो एउटा खाडीमा बसिरहेको थियो। र मैले भने, "त्यो परमप्रभु यसो भन्नुहुन्छ।" र हामीले रातैभरी माछा मार्न बस्यौ तर एउटा पनि मार्न सकेनौ।

186 अर्को बिहान, हामीहरु माछा मार्दै थियौ, पछाडि त्यो एउटा सानो खाडीमा, त्यो केहि ब्लुगिल माछाको लागि। त्यो सानो माछा। र भाई लाईलसंग ठूलो पोल थियो, र उहाले त्यो ब्लुगिललाई निल्न दिनुभयो, एउटा ठुलो अन्कुसी थियो उँहासंग, र जब उँहाले त्यो तान्नुभयो त्यो सानो, त्यो सानो तिर सबै तलनिर थियो, ठूलो अन्कुसी, त्यो सानो ब्लुगिल माछाको पेटमा गयो। र जब उँहाले त्यसलाई तान्नुभयो, उँहाले केवल आन्त र सबै कुरा त्यो सानो ब्लुगिल माछाबाट तान्न पर्ने थियो त्यो पाउनको लागि।

र केवल त्यो सबै तानेर ल्यायो, ‘किनकि त्यो ठूलो अन्कुसीले माछाको पेटमै समातेको थियो। र जब उहाले त्यसो गर्नुभयो, उँहाले त्यो तल पानीमा फाल्नुभयो। र उँहाले केवल चार या पाँच पटक जस्तो हल्लाउनुभयो, र त्यहि गर्नुभयो, किनभने माछाको भित्रको भाग र गलफडा त्यसको मुखबाट बाहिर झुन्डिरहेको थियो। र त्यो त्यहाँनिर करिब आधा घण्टासमा तैरिरहेको थियो, तैरिदै त्यहाँ पछाडि झाडी तिर गयो।

187 र म त्यहाँनिर माछा मारेर बसिरहेको थिए। र अचानक, पवित्र आत्मा आयो, भन्नुभयो, “त्यो माछालाई भन्।”

188 मैले भने, “सानो माछा, येशू ख्रीष्टले तिमीलाई तिम्रो जीवन फेरी दिनुभएको छ।” र त्यो सानो माछा, त्यो पानीमा मरिरहेको अवस्थामा थियो, आफ्नो ठाउँतिर पल्टियो, र पानी तर्फ गयो, यति चाडो गयो कि जति त्यसले सक्दथ्यो।

189 भाई लाईल र भाई वूड त्यहाँ संगै उपस्थित हुनुहुन्थ्यो। भाई लाईलले भन्नुभयो, “भाई ब्रन्हाम, मेरो लागि यसको अर्थ छ, किनभने मैले मैले भनेको थिए त्यो सानो...”

190 [भाई ब्रन्हामले लाईल वूडसंग बोल्नुहुन्छ—सम्पा] आज राति, म तिनीहरुलाई भन्नसक्छु कि तपाईले के भन्नुभएको थियो? [भाई लाईल वूडले भन्नुहुन्छ, “तपाईले पक्कै पनि भन्न सक्नुहुन्छ। त्यो ठिकै छ, भाई ब्रन्हाम।”]

191 उहाले भन्नुभएको थियो, जब उहाले माछाको भित्रिभाग सबै तान्नुभएको थियो, उँहाले त्यसलाई त्यहाँ बाहिर फालिदिनुभएको थियो, भन्नुभयो, “तिमीले तिम्रो अन्तम गोलिको गुच्छा हान्यौ, सानो जन्तु।” त्यस्तै नै भन्नुभयो। र त्यसलाई बाहिर फाल्नुभयो।

उँहाले भन्नुभयो, “यो—यसको मतलब थियो मलाई।”

र मैले भने, “होइन, भाई लाईल। त्यो त्यस्तो थिएन।”

192 भाई ब्यांक्स त्यहाँ पछाडि, भन्नुभयो, “कतिजना मानिसहरु यो संसारमा, कति हजारौ, मानिस जहाँ हामी उभेका छौ त्यहाँ उभिन मन पराउथे होला, परमेश्वरको शक्ति तल आएर केहि यस्तो प्रदर्शन गरको कति हेर्न चाहन्थे होला।” अर्को शब्दमा भन्दा, उनी...

193 म विश्वास गर्छु कि हामी सबैले त्यो महसूस गर्यौ जस्तो पत्रुसले गरेका थिए, "यहाँ हुन पाउन असल कुरा हो। आऔ तिनओटा वेदि बनाऔ।" बुझ्नुभयो? त्यो ठिक हो।

194 अब, भाई लाईल, तपाई अब पवित्र आत्माद्वारा अभिषेक गरिनुभएको छ। तपाईले मिश्रलाई छोड्नुभएको छ। लासूनका भाडाहरु र संसारका घृणित थोकहरुलाई पछाडि छोडिसक्नुभएको छ। तपाई अब तल यर्दनको किनारमा उभिरहनुभएको छ, ठिक त्यो पारी। परमेश्वरले तपाईलाई चलाउनुभएको होस्, लाईल।

195 सर्वशक्तिमान परमेश्वर, यहाँ तपाईको ट्राफि छ। निश्चित रूपमा उँहा एउटा भयानक तयमा हुनुहुन्थ्यो, प्रभु, मेरो हृदय उँहा प्रति गयो। हाम्रो प्रार्थनाले पारीको त्यो शितल हावालाई हानेको छ, र जे कुराले उँहालाई पकडेको थियो त्यो उँहाबाट गएको छ। त्यो तोडिएको छ। र अब उँहा तल यर्दन तिर हिड्दै हुनुहुन्छ। [भाई लाईलले भन्नुहुन्छ, "धन्यवाद तपाईलाई, येशू।"—सम्पा] उँहालाई प्रतिज्ञाको देशमा लानुहोस्, प्रभु। ["हो, प्रभु।"] र उँहालाई ती मानिसहरु मध्येको बनाई छाप लगाउनुहोस्।["हो, प्रभु।"] कि, त्यस महिमामय दिनमा जब हामी त्यहाँ पारी भेट गर्नेछौ, मैले उँहाको बाहुली अँगालोलाई खुसीका कराएर, "मेरो अमूल्य भाई!" भनि महसूस गर्न सकूँ। ["आमेन।"] "म उहालाई जान्दछु।" उँहासंगै ब्यांक्सलाई पनि संगै ल्याउनुहोस्, प्रभु, के गर्नुहुनेछ; बाबा र आमा, र तिनीहरु सबैलाई, बहिनी, र ती सबै महान् परिवारलाई? हुनसकोस् कि हामी सबैले त्यहाँ पारी भेट गर्न सकौ, प्रभु, र तिनीहरु सबैजना पवित्र आत्माद्वारा भरिपूर्ण भएको होस्। म येशूको नाउमा प्रार्थना गर्दछु। आमेन। ["आमेन"]

तपाईले यो प्राप्त गर्नुहुनेछ भाई। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस् भाई लाईल।

196 [कसैले भन्नुहुन्छ, "भाई?"—सम्पा] हो, भाई। ["त्यहाँ लामो दूरीको बोलावाट र एउटा मृत्यु छ, पंक्तिमा पर्खिरहेको छ।"]

197 त्यहाँ कोहि मर्दै छ त्यो टाढाको दूरीमा। र त्यहाँ निर म भाई नेभिललाई सेवाल मोड्दछु।

198 [भाई नेभिलले भन्नुहुन्छ, "परमप्रभुमा महान् र अद्भूत दिन भयो! परमेश्वरले केहि अद्भूत कुराहरु आज हाम्रो निम्ति गर्नुभयो। मेरा अपेक्षाहरु पूर्ण रूपले पूरा भयो—सम्पा"]

["आउनुहोस् हामी सबै आफ्ना खुट्टाहरुमा उभीऔं।"]

199 ["त्यो दिनको लागि सेवालाई याद गर्नुहोस्, बुधबारको राती। प्रार्थना धेरै गर्नुहोस्। सबै असन्तुष्ट, अनिश्चित हृदयहरु परमेश्वरको सम्पर्कमा हुनुहोस्। 'समय नजिक छ। यहि नै समय हो। आजको दिन मुक्तिको दिन हो।'"]

200 ["तपाईहरु सबै उपस्थित व्यक्तिहरुलाई परमेश्वरले आशिष दिनुभएको होस्, तपाईहरु जो टाढाबाट आउनुभएको छ। हाम्रा प्रार्थनाहरु यो छ कि तपाईका बासस्थानहरु सम्म पुगुन्जेल परमेश्वरले तपाईलाई यात्रामा क्रिपा गर्नुभएको होस्। तपाईहरुलाई हामीसंग पाउदा धेरै खुसी लाग्यो। र तपाईहरु गएसिन हाम्रो लागि प्रार्थना गरिदिनुहोस्, ताकि परमेश्वरले यस ठाउँलाई पनि आशिष दिनुभएको होस्।"]

201 ["हाम्रो स्वर्गीय पिता, जसरी तपाईको दास आज राति आउनुभयो, तपाईको दास र अगमवक्ताको कार्य गर्न आउनुभयो, बीचमा रहेर, दरारमा रहेर, एउटा घेरा बनाएर, तपाईको दासको ज्वलन्त उत्कट इच्छाका साथ आएर, पवित्र आत्माद्वारा बप्तिष्माका साथ्, र अगमवक्ताको कार्यलाई दिई, यस पुस्तालाई बोल्नको निम्ति पठाउनुभयो। आज र आज राति हामीलाई साहयता गर्नुहोस्, ती संदेश प्राप्त गर्न जुन हामीमा आउदछ, यो उपदेश, तयार हुनको लागि।"]

202 ["ती हरेकलाई आशिष दिनुहोस् जो आज राति यस भवनको ढोकाबाट जाँदछन्। हामीमा भएका रोगहरु, जसको बारेमा हामीलाई थाहा समेत छैन, हुनसकोस् कि तपाईको आशिषित अनुग्रह र समरक्षित र सुरक्षा गर्ने शक्तिले हामीलाई चंगाई गरेको होस्, र त्यस समयसम्म हामीलाई राखेको होस् जब तपाई हामीलाई अर्को देशमा स्थानांतरण गर्न तयार हुनुहुन्न। ती सबै निराश र दुखि भएका, र भयभीत भएका र कमजोर भएकाहरुलाई आशिष दिनुहोस्।"]

203 ["परमेश्वर, हामी प्रार्थना गर्छौं कि आजराती तपाईको विशेष भेट होस्, पवित्र आत्माको आशिर्वाद हरेक यात्रीसंग रहेको होस्, हरेक तिर्थ यात्री, हरेक अन्जान व्यक्ति जो यस भवनको द्वारमा छन्। ती प्रत्येक जो आज राति ढोकाबाट बाहिर जान्छन्, रगतले ढाकेको घुम्टो, कलवरीको क्रूसबाट, पर्याप्त रूपमा ढाकेको होस् र जुटाएको होस्।"]

204 [“हामी बिमार हुदा हामीलाई निको पार्नुहोस्। तपाईको शक्तिशाली सामर्थ्यले हामीलाई राख्नुहोस्। सेवाको निम्ति हामीलाई अभिषेक गर्नुहोस्। हामीलाई प्रेममा हिड्न सिकाउनुहोस, तपाईको अगाडि, र हाम्रा जीवन भरि। र हामी यसको लागि तपाईको प्रशंसा गर्दछौ, किनकि हामी यी सबै येशू ख्रीष्टको नाउँमा उहाको खातिर माग्दछौ। आमेन”]

205 [“र परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। र हामीहरु तपाईहरुलाई यहाँ पाउदा खुसी छौ। एक अर्कासंग हात मिलाउनुहोस्।”]

206 [सभाले हात मिलाउदै र छुट्टिदै गर्दा एकअर्कालाई शुभकामना दिदै गर्दा भाई ब्रन्हाम मंचमा आउनुहुन्छ।]

207 [भाई ब्रन्हाम कसैसंग बोल्नुहुन्छ।] तपाईले मेरो लागि गर्नुभएको सबै कुरामा आभारी छु, कार्ड र...?...हो, श्रीमान्। वास्तवमै कदर गर्छु...?...

208 [भाई ब्रन्हाम भाई नेभिलसंग कुरा गर्नुहुन्छ—सम्पा।] हामीले विश्वासको चट्टान पठाएका छौ...?...त्यहाँ निर छेउछउको व्यक्ति हुनुहुन्थ्यो...त्यसैले मैले उहाको लागि प्रार्थना पठाएको छु, येशू ख्रीष्टको नाउँमा। त्यहाँनिर नै लगभग एक घण्टासम्म लोटिरहनु भएको थियो, कुनै पल्स चलेको थिएन, कुनै श्वास फेरेको थिएन, केहि पनि थिएन। कुनै श्वास थिएन, कुनै पल्स थिएन, कुनै श्वासप्रश्वास थिएन, केहि पनि थिएन; उहाको आँखा उहाको शिरमा रोकियो, पुलपिटबाट। [भाई निभिलले भन्नुहुन्छ, “उनले केवल उहालाई त्यहि लेटिरहनलाई छोड्नुभएको थियो जब सम्म त्यो प्रार्थना आयो।”]

209 *यो* अझै पनि खुलै छ? [भाई नेभिलले भन्नुहुन्छ, “हो, यो अझै खुलै छ।” यो संकेत गर्दै कि माईक्रोफोन अझै चालू छ भनि—सम्पा]

210 के म तपाईको ध्यान पाउनसक्छु? त्यहाँ माथि, एउटा जवान प्रचारक, एउटा प्रचारक, यहाँ माथि इन्डियानामा, प्रचार गरिरहनुभएको थियो, पुल्पिटमा मृत भई लड्नुभयो, लगभग एक घण्टा सम्म। जब उहाले प्रचार गर्दै हुनुहुन्थ्यो, अगाडि पट्टि लड्नुभयो, र पुल्पिटमा बित्नुभयो, एउटा चिनेजानेको प्रचारक हुनुहुन्छ, यहाँ इन्डियानामा प्रचार गर्दै हुनुहुन्थ्यो। पाष्टर भर्खरै आएर मलाई बोलाउनुभयो। उहा ठिक आत्माको अभिषेकबाट प्रचार गर्दै गर्दा बित्नुभयो, अगाडि पट्टि लड्नुभयो, उहाको आँखा बस्यो, उहाको श्वासप्रश्वासले उहालाई छोड्यो। उहा मरेको घोषणा गरियो, त्यहि लगभग एक घण्टासम्म मृत लेटिई राखियो। र तिनीहरुलाई हृदयमा केहि

मण्डलीलाइ भनेर र मलाई प्रार्थना गरिदिनको निम्ति भन्न लगायो। त्यसैले मैले उहालाई जीवनमा फर्काईदिनको लागि प्रार्थना पठाईदिएको छु, प्रभु येशूको नाउँमा। तपाईहरु पनि म संग विश्वासद्वारा जोडिनुभएको होस्, ताकि त्यसले निशाना नचुकाओस; उहालाई ताजा पारोस् र फर्काएर जीवनमा ल्याएको होस्। धन्यवाद।

211 तपाईहरुलाई बुधबारको राति मैले नदेखेसम्म परमेश्वर तपाईहरुसंग रहेको होस्। तपाईहरु सबै जना जो जोर्जिया र त्यहाँ वरपरबाट हुनुहुन्छ, बाई बाई। परमेश्वर तपाईसंग रहेको होस्।

212 [भाई ब्रन्हाम माईक्रोफोनबाट हटेर अरुसंग बोल्नुहुन्छ, तर उहाहरुको वार्तालाप स्पष्ट छैन—सम्पा]

***अभिग्रहण** 1* NEP60-0515E

(Adoption [1])

**अभिग्रहण शृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा आईतबार साँझमा मे 15, 1960 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2020 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



VOICE OF GOD RECORDINGS

P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.

www.branham.org